म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २०९ | सोमबार, २६ फागुन २०८१ | ने. सं. ११४५ चिल्लाथ्व | 10 March 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सिभिल इन्जिनियर आवश्यक**

हेटौंडास्थित नयाँ भवन निर्माणाधीन हुन गइरहेकाले एक वर्षको लागि फुल-टाइम सिभिल इन्जिनियरको आवश्यकता छ ।

☞ कम्तीमा ३ वर्षको अनुभव अनिवार्य ।

☞ पारिश्रमिक आपसी समझदारी अनुसार तय गरिनेछ ।

**सम्पर्कः**
०५७-५२०४२९, ९८५५०६९५६०
९८५१०३१०७२

## ईन्द्रसरोवरको माछा स्थानीय माग धान्नै मुस्किल

साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ मकवानपुरको ईन्द्रसरोबर गाउँपालिका-१ मार्खुमा रहेको मत्स्य विकास केन्द्र कुलेखानी मकवानपुरले चालु आर्थिक वर्षको आठ महिनामा तीन लाख भन्दा बढी राजस्व संकलन गरेको छ ।



चालु आर्थिक वर्षको फागुण महिनासम्ममा केन्द्रले तीन लाख ३८ हजार २ सय २१ रुपैयाँ राजस्व संकलन गरेको हो । कुल एकहजार चारसय ३२ किलो विभिन्न जातको माछा विक्रीबाट यति राजस्व संकलन गरिएको मत्स्य विकास केन्द्र कुलेखानीका मत्स्य विकास अधिकृत मनिता पौडेलले जानकारी दिइन् । केन्द्रले चालु आर्थिक वर्षको साउन महिनामा केज र तियारीबाट एक सय ८० किलो माछा उत्पादन गरी बिक्री गर्दा चारहजार चार सय ३७ रुपैयाँ राजस्व संकलन गरेको अधिकृत पौडेलले बताइन् ।

भदौ महिनामा तीसहजार दुईसय ३८ असोजमा २९ हजार तीनसय ३६, कार्तिक महिनामा एकलाख ६ हजार चारसय १६, मंसिर महिनामा ६ हजार ६ सय एक र पुस महिनामा केन्द्रले चालु आवको हालसम्मकै बढी एकलाख १७ हजार तीनसय राजस्व संकलन गरेको मत्स्य विकास अधिकृत पौडेलले जानकारी दिइन् । केन्द्रले फागुमा तीन हजार ९ सय ६० रुपैयाँ राजस्व संकलन गरेको छ । माघमा भने माछा बिक्री नगरिएको पौडेलको भनाई छ । केन्द्रले गत आवमा २ हजार ५ सय १८ किलो माछा विक्री गरेर ६ लाख २७ हजार राजस्व संकलन गरेको थियो ।

मकवानपुरको ईन्द्रसरोवर जलासयमा केन्द्रले उत्पादन गरेको माछा स्थानीयस्तरमा नै खपत हुने गरेको मत्स्य अधिकृत पौडेलको भनाई छ । केन्द्रले हाल सिल्भर, बिगहेड, कमनकार्प, ग्रासकार्प, रहु, नैनी, भाकुर, टीलापिया, सहर र कत्ले जातका माछा उत्पादन गरी बिक्री गर्ने गरेको छ । मागको आधारमा माछा उत्पादन गर्न नसकिएको र चालु आवमा दुई हजार भन्दा बढी माछा उत्पादन गरी बिक्री गर्ने लक्ष्य रहेको मत्स्य विकास अधिकृत पौडेलले बताइन् ।

तालको रिजरभ्वायरको जलीय विविधता संरक्षण तथा यसमा आश्रित समुदायको जीवनस्तर उकास्ने हेतुले केन्द्रले विगतका वर्ष झैं गत भदौको तेस्रोसाता २ लाख भुरा तालमा छाडेको जनाएको छ । केन्द्रले स्थानीय विद्यालयका विद्यार्थी र कर्मचारीलाई नेपालमा माछा पालनका लागि योग्य माछाका जात, माछाको पौष्टिक महत्व तथा प्राकृतिक जलाशयको संरक्षण जस्ता विषयमा जानकारी दिन स्कूलशिक्षा कार्यक्रम गरेको मत्स्य विकास अधिकृत पौडेलले जानकारी दिइन् ।

यहाँ उत्पादन भएका माछा स्थानीयस्तरमै खपत हुने गरेको छ । पर्यटकको रोजाइको क्षेत्र भएकाले यहाँ आउने स्वदेशी तथा विदेशी पर्यटकले यहाँको माछा अत्यधिक मन पराएर खाने गरेको होटेल व्यवसायीहरु बताउँछन् । मकवानपुरको पहाडीक्षेत्रमा रहेको ईन्द्रसरोवर रिजरभ्वायर विद्युत् उत्पादनको उद्देश्यले कुलेखानी खोलामा ड्याम बनाइ निर्माण गरिएको मानव निर्मित नेपालकै ठुला जलासय हो । यसमा पानी जम्मा पार्न पालुङखोला, चित्लाङखोला, सेतीखोला, चखेल इनलेट, चल्खुखोला, ठाडेखोला र धस्कुखोला गरी जम्मा ७ वटा स्रोतहरु रहेका छन् । समुद्री सतहदेखि १५०० मिटर उचाइमा यो रिजरभ्वायर रहेको छ ।

पूर्णरुपमा रिजरभ्वायरमा पानी भरिएको समयमा २१६ हेक्टर र हिउँदमा ५५ हेक्टर पानी रहेको हुन्छ भने रिजरभ्वायरको औसत लम्बाइ ७ किमि र चौडाइ करिव ५०० मिटरसम्म छ । विद्युत् उत्पादनको अतिरिक्त पानीको बहुआयामिक उपयोग गरी आयोजनाकालमा विस्थापित भएका सरोकारवाला कृषकलाई स्थानीयस्तरमै वैकल्पिक रोजगारी प्रदान गर्ने तथा प्राणी प्रोटिनको उपलब्धतालाई बढाउने उद्देश्यले केजमा माछा पालन गरिएको हो ।

तालमा पाइने प्राकृतिक आहारा खाएर हुर्कने सिल्भरकार्प र बिगहेड जातका माछा केजमा पालन गरिएको हो । वि.स.२०४५ सालदेखि निजीस्तरमा कृषकलाई प्रविधि सिकाई केजमा माछापालन कार्यको थालनी गरिएको हो ।

वि.स. २०४१ सालदेखि २०४९ सालसम्म ईन्द्रसरोवर मत्स्य विकास आयोजना नामबाट संचालित यस केन्द्र आ.व. २०४९/५० देखि तत्कालीन श्री ५ को सरकार, मत्स्य विकास केन्द्र, ईन्द्रसरोवर, कुलेखानीको नामबाट संचालन हुँदै आएको र आ.व. २०६०/६१ देखि रिजरभ्वायर मत्स्य विकास केन्द्र, कुलेखानी हुँदै वि.स. २०७५ सालदेखि बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको मातहतमा मत्स्य विकास केन्द्र, कुलेखानीको नामले सञ्चालन हुँदै आएको छ । हाल मत्स्य व्यवसायी संघमा ६ सय ८५ जना सेयर सदस्य रहेका छन् ।

## लोप हुँदै ढिकीजाँतोको प्रयोग



साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ गाउँघरमा कुटानी पिसानीका लागि प्रयोगमा आउने परम्परागत र मौलिक प्रबिधि ढिकीजाँतोको प्रचलन लोप हुँदै गएको छ । ग्रामीण बस्तीमा धान, मकै कुट्ने, पिठो पिस्नेलगायत कामका लागि आधुनिक विद्युतीय मिल भित्रिएपछि ढिकीजाँतोको प्रयोग हराएको हो ।

कुटानी, पिसानीको सहज माध्यमकारुपमा बजारमा विद्युत् तथा पेट्रोल, डिजेलबाट चलाउन सकिने आधुनिक मिल आउन थालेपछि ढिकीजाँतोको प्रयोग हराउन थालेको छ । मानिसहरु उत्पादनमुखी भन्दा पनि आयातित चामल, दाललगायत खाद्यसामग्री प्रयोगमा बढी निर्भर हुँदा पनि ढिकीजाँतोको चलन हराएको देखिन्छ । विगतमा ढिकी र जाँतोमा धान कुट्ने, गहुँ, कोदो, मकै, फापर, दाललगायत पिस्ने काम हुने गरेको थियो । पछिल्लो समयमा आधुनिक मिलको सहायताले मानिस कुटानी पिसानी गर्दै आएका छन् ।

दशक अघिसम्म स्थानीयको घरमा ढिकीजाँतो अनिवार्य हुने गरेको भएपनि त्यो चलन हिजोआज हराएको थाहानगरका स्थानीय रामबहादुर विष्टले बताए । पितापुर्खाले चलन गरेको यस्ता प्रविधिको संरक्षण गर्न आवश्यक रहेको उनको भनाइ छ । 'गाउँघरमा परम्परागतरुपमा प्रयोगमा ल्याइने ढिकीजाँतो, पानीघट्टको चलन हराएको अवस्था छ', उनले भने, 'पहिला गाउँघरमा ढिकीजाँतो अनिवार्यजस्तै थियो । अहिले त्यस्तो अवस्था रहेन । प्रविधिको विकाससँगै ढिकीजाँतोको चलन इतिहास बन्ने अवस्था छ ।'

गाउँघरमा विद्युत् पुगेसँगै मकवानपुरका अधिकांश ग्रामीणक्षेत्रमा विद्युतबाट चल्ने मिल राखेर धान, मकै कुट्ने, तेल पेल्नेदेखि पिठो पिसाउन थालेपछि गाउँमा परम्परागत रुपमा चल्दै आएका ढिकीजाँतो हराएका हुन् । कुटानी-पिसानीका लागि आधुनिक मिलले सहज भएपछि ढिकीजाँतो भने लोप हुँदै गएको कैलाशका स्थानीय किरण न्यौपानेको भनाइ छ । मानिसले बढी मेहनत गर्नुपर्ने भए पनि ढिकीजाँतोमा कुटेका खाने कुरा स्वास्थ्यकर र स्वादिष्ट हुने कैलाश गाउँपालिका-९ सुन्दर कुमार विष्ट बताउँछन् ।

'आधुनिक मिलमा कुटानी-पिसानीका लागि सहज छ' तर, परम्परागत चलन हराउँदै गएको अवस्था छ । मिलमा कुटानी-पिसानीका लागि छिटो हुने भएकाले ढिकीजाँतोको चलन हराएको छ', उनले भने । गाउँका प्रत्येकजसो घरमा देखिने ढिकी तथा जाँतो पछिल्लो समय लोप भएको उनको भनाइ छ । भौगोलिकरुपमा विकट र विद्युत् पुग्न नसकेका गाउँमा भने अहिलेसम्म ढिकी तथा जाँतोको प्रयोग हुने गरेको छ । विद्युत् पुगेका ठाउँमा परम्परागत रुपमा रहेका ढिकी तथा जाँतो प्रयोग गर्ने चलन हराएको स्थानीय बताउँछन् ।

नयाँ प्रविधिको विकासले परम्परागत ढिकीजाँतो इतिहास बन्ने अवस्था आएको छ । परम्परागत रुपमा प्रयोग गर्दै आएका ढिकीजाँतोलाई संरक्षण गर्न आवश्यक रहेको स्थानीयको भनाइ छ । पूजाआजामा प्रयोग गरिने पिठो चामललगायत कुट्नका लागि ढिकी अनिवार्य जस्तै थियो । परम्परगतरुपमा गरिने काममा मेहनत धेरै परेपनि कम खर्चिलो हुने स्थानीयले बताएका छन् ।

'मेहनत बढी परेपनि ढिकीजाँतोको सहजताले कुटिएका खानेकुरा लाभदायक हुन्छ', उनीहरुले भने, 'यस्तो चलन गाउँघरबाट हराउँदै जानु दुःखद् हो । यी कुरालाई हामीले पनि संरक्षण गर्न आवश्यक छ ।' आधुनिक मिलले मानिसको दैनिक जीवनमा सहजता प्रदान गरेपनि खाद्यान्नमा हुने पौष्टिकतत्व भने नष्ट हुने स्थानीयवासीको भनाइ छ । परम्परागतरुपमा चलन आउने गरेका प्रविधिको संरक्षण गरेर नयाँ पुस्तासम्म पुर्याउन आवश्यक रहेको स्थानीय जानकारहरु बताउँछन् ।

## अफ्रिकन स्वाइन फिभर नियन्त्रणमा



साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ हेटौंडा उपमहानगरपालिकाको ३ वटा वडामा फैलिएको अफ्रिकन स्वाइन फिभर नियन्त्रणमा आएको छ । हेटौंडाको १, ११ र १७ नं.वडामा किसानले पालेको बंगुरमा फैलिएको 'अफ्रिकन स्वाइन फिभर' नियन्त्रणमा आएको हो ।

प्रभावित वडामा कीटनाशक चुना छर्ने, सरसफाइ, प्रभावित क्षेत्रबाट बंगुरको ओसार पसारमा गरिएको कडाइ तथा अन्य चेतनामूलक कार्यक्रम सञ्चालन गरेपछि स्वाइन फिभर नियन्त्रणमा आएको पशुसेवा कार्यालयका प्रमुख डा. ब्रजकिशोर ठाकुरले जानकारी दिएका छन् । गएको मङ्सिरदेखि फैलिएको स्वाइन फिभरबाट हेटौंडा उपमहानगरका ३ वटा वडामा किसानले पालेका दुई सयभन्दा धेरै बंगुर मरेका थिए ।

एएसएफ भाइरसका कारण देखापर्ने स्वाइन फिभर रोग सन् २०२२ मा काठमाडौंको कागेश्वरी मनहरामा पहिलोपटक देखिएको थियो । नेपालमा हाल १ लाख ५८ हजार ८ सय वटा बंगुर रहेको कार्यालयले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । स्वाइन फिभर रोग लागेमा बंगुरको शरीरमा रगतको धब्बा देखिने, १०५ डिग्री फरेनहाइट भन्दा माथि उच्चज्वरो आउने, रगतमासी देखिने, श्वास फेर्न गाह्रो हुने, खाना नखाने र गर्भ तुहिने जस्ता लक्षणहरु देखापर्ने कार्यालयका प्रमुख ठाकुरले बताए ।

तीन लाख भेडाबाख्रामा पीपीआर खोप लगाइएको प्रमुख ठाकुरले बताए । भ्याम्सिनेटरले कृषक समूह, सहकारी तथा व्यक्तिगत फार्मका साथै घरदैलोमै पुगेर खोप अभियान सञ्चालन गरेको उनको भनाइ छ ।

पशुसेवा कार्यालयले मकवानपुरमा किसानले पालेको आठ हजार गाईभैंसीमा लम्पी स्किनविरुद्धको खोप लगाएको छ । साथै जिल्लाका एक हजार कुकुर तथा बिरालोमा रेबिजविरुद्धको खोप लगाइएको छ ।

## राप्ती खोलामा डुबेर एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ हेटौंडा-१ स्थित राप्तीखोलामा डुबेर हेटौंडा-५ पिप्लेका एक युवकको मृत्यु भएको छ ।

आइतबार दिउँसो २ जना साथीसँग पौडी खेल्न राप्ती खोलामा पुगेका हेटौंडा-५ बस्ने करिव १७ वर्षीय प्रियांशु आचार्यको मृत्यु भएको हो ।

उनी आफ्ना २ जना साथीसँग पौडी खेल्न त्यहाँ पुगेका थिए । बेहोस अवस्थामा उद्दार गरी उपचारको लागि हेटौंडा अस्पताल ल्याइएकोमा उपचारको क्रममा मृत्यु भएको मकवानपुर प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जनाएका छन् । घटनाको आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

## अफिमसहित मनहरीबाट एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ मकवानपुर प्रहरीले मनहरीबाट लागुऔषध अफिमसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मनहरी-८ का ३२ वर्षीय राजकुमार तामाङ रहेको प्रहरीले जनाएको छ ।

उनलाई मनहरी गाउँपालिका-८, देवकोट चोकबाट मेनरोडतर्फ आउँदैगर्दा २ किलो ५३० ग्राम अफिमसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिएका छन् । शनिबार राति ८:२० बजेको समयमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीटोलीले देवकोट चोकबाट मेनरोडतर्फ आउँदै गरेको ग ६ प ४५८४ नम्बरको मोटर साइकलाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा तामाङको साथबाट २ किलो ५३० ग्राम अफिम बरामद भएको प्रहरीको भनाई छ ।




तामाङले अफिम मोटर साइकलको लेगगार्डमा प्लास्टिक भित्र लुकाई ल्याइएको अवस्थामा बरामद भएको प्रवक्ता अर्यालले बताए । तामाङलाई नियन्त्रणमा लिएर मकवानपुर जिल्ला अदालतबाट ८ दिनको म्याद अनुमति लिई थप अनुसन्धानकार्य भइरहेको प्रहरीले जनाएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्धारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# जनप्रतिनिधिका गुनासा

शनिवार बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गंगादत्त नेपालसँग प्रदेशको योजना निर्माण, बजेट कार्यान्वयनको अवस्था तथा चुनौतीका विषयमा मकवानपुरको बकैयाका जनप्रतिनिधिले स्थानीय तह र वडाको माग तथा आवश्यकता अनुसारको योजना बनाउन माग गरेका छन् । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षले वडाको आवश्यकता र मागअनुसार बजेट विनियोजन गर्न प्रदेश सरकारसँग माग गरेका हुन् । बकैयाका जनप्रतिनिधिले प्रदेश सरकारले साना र अव्यवस्थित बजेट हाल्दा समस्या भएको बताए । वडातहबाट गर्ने काममा प्रदेश सरकारले बजेट बिनियोजन गर्दा समस्या भएको उनीहरुको गुनासो छ । बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले नागरिक लक्षित योजना निर्माणमा अग्रसर हुनुपर्नेमा जोड दिए । पूर्वाधार निर्माणमा पालिकाको स्रोत अपुग भइरहेको तथा सडक पूर्वाधार नहुँदा खानेपानी, स्वास्थ्य, शिक्षा तथा विद्युतको सेवा पुऱ्याउन कठिन भएको बताए । पशुपालनक्षेत्रमा पालिकाले ३ करोडको दूध बिक्री गरिएको र बकैयामा उत्पादन भएको तरकारी विदेश निर्यात गर्ने तयार भइरहेको बताए । प्राङ्गारिक मल उत्पादनमा पालिकाको योजना रहेको अध्यक्ष लामिछानेले बताए ।

प्रदेश सरकारले नागरिकलाई गुणस्तरीय स्वास्थ्यसेवा उपलब्ध गराउन स्थानीय तहका अस्पतालको क्षमता वृद्धिसँगै औषधि, ल्याब निर्माण गर्नुपर्ने बताए । प्रदेश सरकारको बजेटमा निर्माण भएको ठेक्कामा अनुगम अभाव रहेको उनको भनाई छ । उनले सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी कम रहेको र विद्यालयको भौतिक संरचना न्यून हुँदा शिक्षाको गुणस्तर सुधारमा समस्या भएको बताए । विद्यालय नर्सको सेवा थप गर्नुपर्ने अध्यक्ष लामिछानेले माग गरे । गाउँपालिकाले कृषिक्षेत्रलाई प्राथमिकतासाथ अघि बढाएकाले शिक्षालाई व्यवहारिक र कृषिसँग जोडेर अघि बढ्ने तयारी गरिएको र विद्यालयका जग्गालाई सदुपयोग गरेर कृषिप्राविधिक विद्यालय सञ्चालन आवश्यक रहेको र आवासीय विद्यालय मोडलमा अघि बढ्न प्रदेश सरकारको भूमिका महत्वपूर्ण हुने उनले बताए । युवा स्वरोजगारका कार्यक्रम, अधुरा खेलसंरचनाको पूर्णता, विद्यालयमा खेलशिक्षकको व्यवस्था, बालमैत्री स्थानीय तहको दिगोपनको बजेट व्यवस्था आवश्यक भएको गुनासो उनीहरुले योजना आयोगसमक्ष राखेका थिए । बकैयाको प्रमुख समस्याको रुपमा रहेको बकैया र सिमातखोला नियन्त्रण अपरिहार्य रहेको र यो कार्यक्रम प्रदेश सरकारको भूमिका रहनुपर्ने , खोला नियन्त्रणमा प्रभावकारी काम गर्नसके सुकुम्वासी समस्या हलगर्न सहज हुनुको साथै आयआर्जनमा टेवा पुग्ने उनीहरुले बताए । आवश्यकताको आधारमा बजेट विनियोजन गर्नुपर्ने माग गरे । पूर्वाधारसँगै संस्कृति तथा सामाजिक क्षेत्रमा बजेट व्यवस्था गर्नुपर्ने माग छ । बाढीका कारण सिमात खोलाको कटानले वस्ती जोखिममा परेको र प्रदेश सरकारको बजेटमा प्राथमिकताका साथ अघि बढाउनु पर्ने, बकैया र सिमात खोला नियन्त्रण आवश्यक रहेकाले बृहत् गुरुयोजना निर्माण गरी बजेटको व्यवस्था गर्नुपर्ने माग गरेका छन् ।

गाउँपालिका केन्द्र र दुई राजमार्ग जोड्ने सडकमा प्राथमिकताका साथ बजेट व्यवस्था गरिदिन आग्रह गरेका छन् । वडा र स्थानीय तहको सिफारिसमा मात्र प्रदेश सरकारले योजना निर्माण तथा बजेट व्यवस्था गर्नुपर्ने उनीहरुले बताए । प्रदेशबाट परेको बजेटमा काम गर्न निकै समस्या रहेको छ । ठेकेदारको लापरबाहीले काम सम्पन्न गर्न नसकेको अवस्था छ । डीपीआर भएका छोटो दूरीको सडकलाई निर्माण गर्न बजेट विनियोजन गर्न आवश्यक रहेको उनीहरुको भनाई छ । कृषिक्षेत्र तथा आर्थिकउपार्जनमा नागरिकलाई जोड्ने गरी सडक पूर्वाधारको पहुँच र व्यवस्थापनमा गाउँपालिकाको योजना निर्माणमा प्रदेश सरकारले सहयोग गर्नुपर्ने धारणा व्यक्त गरे । सडक पूर्वाधार उपयुक्त नहुँदा पालिका केन्द्रसम्मको पहुँच कठिन भएको, ट्र्याक खुलेका सडक स्तरोन्नति गर्न नसक्दा गाउँपालिका केन्द्र पुग्न मधेश प्रदेशको रौतहट, बारा हुँदै हेटौंडा भएर हिंड्नुपर्ने बाध्यता रहेको उनीहरुले बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २७ गते मंगलबार ११ मार्च २०२५ । द्वादशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२०, सूर्यास्त ६:०९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नचिताएको काम सम्पन्न हुनेछ | तुला | : यात्राबाट नोक्सान हुनेछ |
| वृष | : मिहिनेतको फल मिल्नेछ | वृश्चिक | : घाउचोट लाग्न सक्नेछ |
| मिथुन | : स्वास्थ्यमा खराबी आउनेछ | धनु | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कर्कट | : शुभ कामको संकेत मिल्नेछ | मकर | : सोचेभन्दा बढी खर्च हुनेछ |
| सिंह | : शरीरमा केही आलश्य हुनेछ | कुम्भ | : मित्रतामा कमी आउनेछ |
| कन्या | : सफलता मिल्न गाह्रो छ | मीन | : कामको जिम्मेवारी बढ्नेछ |

# सबै राजा बन्न चाहने देश



जेबी दर्लामी

**जात र जाति भनेका नितान्त फरक विषय हुन् । जात भनेको हिन्दु वर्णाश्रमले तोकेको कथित तल्लो र माथिल्लो भन्ने वर्गीकरण हो । यसमा छुत-अछुत भन्ने हुन्छ । यसले मान्छे मान्छेबिचमा भेदभाव सिर्जना गर्छ, विभेद गर्छ । तर जाति भनेको हिन्दु वर्णाश्रममा नपर्ने समुदायलाई जनाउने कुरा हो ।**

पूर्वराजा ज्ञानेन्द्र शाहको पछिल्लो अभिव्यक्तिपछि तातिएको देशको राजनीतिक मौसम यत्तिकै सेलाएर जालाजस्तो छैन । उनको त्यस अभिव्यक्ति सानोतिनो तयारीका साथ आएकै थिएन तर गणतन्त्रको रक्षक हौं भन्नेहरूले अझै पनि त्यसलाई गम्भीरतापूर्वक पर्गेलेका छन् भन्ने देखिँदैन । यही फागुन ७ गतेको उनको मन्तव्य सुन्दा-पढ्दा लाग्छ कि त्यसअघि उनले बोल्ने गरेको दरबारिया कलमको भाषा त्यसमा पटक्कै छैन । बरु त्यसमा अहिले केही मिडियाले प्रयोग गरिरहने भाषा र भाष्यलाई प्रयोग गरिएको छ ।

जति आश्चर्यजनक घटना त्यस दिन ज्ञानेन्द्रले गरेको साहसलाई मान्न सकिन्छ, उति नै राजनीतिक दलहरूले साधेको मौनतालाई लिन सकिन्छ । त्यसअघि कतै ज्ञानेन्द्रले थोरै मात्र राजनीतिक असन्तुष्टिको बोली बोल्दा तत्क्षण प्रतिक्रिया दिने दलहरू यसपटक उनले सत्ता नै हातमा लिने आह्वान गरिरहँदा भने प्रतिक्रियाविहीन भई बसे । केही दल र नेताको प्रतिक्रिया एकदमै ढिलो गरेर आयो । यसलाई कसरी अर्थ्याउन सकिन्छ, राजनीतिक विश्लेषक तयार होलान् नै ।

ज्ञानेन्द्रको मन्तव्यपछि देशैभर राजसंस्थाको पक्षमा जुन माहोल बनिरहेको छ, बनाइएको छ, त्यसबाटै प्रमाणित हुन्छ कि उनको मन्तव्य निकै तयारीका साथ आएको छ तर हामीले बुझ्नुपर्ने कुरा के छ भने ज्ञानेन्द्रको मन्तव्य त सलाईको काँटी सल्केको जस्तो मात्रै हो, खासमा असन्तुष्टि नामको बारुदको चाङ त यो देशमा पहिल्यै तयार छ । यो तयार गर्नमा मूलधारका भनिने राजनीतिक दल नै मुख्य जिम्मेवार छन् ।

खासमा यो गणतन्त्र नामको व्यवस्था झुटो छ, यो नक्कली गणतन्त्र हो । संघीयताका नाममा गलत अभ्याससहितको यो व्यवस्था एक दिन जसरी पनि परिवर्तन हुनैपर्छ, हुने नै छ, नभए ढल्ने निश्चित छ । यो व्यवस्था कुनै दिन साँचो गणतन्त्रमा जाला या पछाडि फर्केर पुन: राजतन्त्रमा पुग्ला ? अनिश्चित छ । यही तरिकाले हो भने यिनै दल र नेताहरूले विगतमा जस्तै सत्ताको साँचो दरबारमा बुझाएर आफूहरू चाहिँ बिन्तीपत्र लेखाउन नबस्लान् भन्न सकिने अवस्था पनि छैन ।

गणतन्त्र नामको यो व्यवस्था झुटो किन भनिएको हो भने संविधानसभामार्फत यसलाई घोषणा गरिँदा विज्ञहरू सम्मिलित राज्य पुनर्संरचना आयोगको सुझावलाई रद्दीमा फालिएको थियो । आयोगको बहुमत सदस्यले प्रदेशको संरचना १० जोड एक (१० वटा भौगोलिक र एक गैरभौगोलिक) हुने गरी बुझाएको रायलाई पैतालामा कुल्चने यिनै दल थिए । यस विषयमा थप विस्तारमा जानुपर्ने देखिन्छ । किनभने कुनै पनि रोगको सुरुवात नै सानोबाट हुने हो । गणतन्त्रमा लागेको रोगको पहिलो लक्षण पनि यही थियो ।

आयोगले संविधानसभामा बुझाएको प्रदेशका नाम यस्ता थिए : १) लिम्बुवान, २) किरात, ३) ताम्सालिङ, ४) मधेश मिथिला-भोजपुरा, ५) नेवा, ६) नारायणी, ७) तमुवान, ८) मगरात, ९) कर्णाली-खप्तड, १०) मधेश-अवध-थारुवान । यससँगै देशभरिका दलित समुदायका लागि ११औँ प्रदेश गैरभौगोलिक हुनुपर्ने सुझाव थियो ।

उल्लिखित नाममा धेरै आपत्ति जनाउनेमा अहिलेका ठुला पार्टीहरू शीर्ष स्थानमा थिए । उनीहरूले आफ्ना जन, धन र पहुँचको अधिकतम प्रयोग गरेर यसलाई जातीय रङ दिन सफल भए । यसमा सोझासिधा जनता पनि तिनका षड्यन्त्रको पासोमा सजिलै परे ।

जनतालाई यति कुरा मात्रै बुझाउन पनि सकिएन कि जात र जाति भनेका नितान्त फरक विषय हुन् । जात भनेको हिन्दु वर्णाश्रमले तोकेको कथित तल्लो र माथिल्लो भन्ने वर्गीकरण हो । यसमा छुत-अछुत भन्ने हुन्छ । यसले मान्छे मान्छेबिचमा भेदभाव सिर्जना गर्छ, विभेद गर्छ । तर जाति भनेको हिन्दु वर्णाश्रममा नपर्ने समुदायलाई जनाउने कुरा हो । उदाहरणका लागि मगर कुनै जात होइन, यो जाति हो । राई, लिम्बु, तामाङ, गुरुङ आदि यो देशका आदिवासी समुदाय कुनै जात होइनन्, उनीहरू एकापसमा छुवाछुत गर्दैनन्, सामुदायिक तहमा विभेद पनि गर्दैनन् ।

तसर्थ माथि उल्लेख गरिएका प्रदेशका नामकरण जातका आधारमा होइन, जातिका आधारमा थियो । समुदायका आधारमा थियो तर बुझ्नेकाले बुझ पचाए, नबुझ्नेका त त्यसै कुहिरोको काग बन्न विवश भए । आखिरमा यति धेरै धनराशि नष्ट गरेर काम गरेको उच्चस्तरीय आयोगलाई पङ्गु बनाएर यिनै दल हाबी भइदिए र यिनकै अनुकूल हुने गरी देशको सीमाङ्कन नक्साङ्कन गर्ने काम भयो ।

मौका समातेर पछि नामकरण गर्ने काम पनि यिनीहरूकै अनुकूलतामा भयो । देश संघीयतामा गइसक्दा समेत अखण्डताको नाममा देशभर नाटक मञ्चन गरियो । कतिले यही सन्दर्भमा ज्यान दिनुपर्‍यो । केही नागरिक अझै जेलमा छन् । टीकापुर घटना त्यही अखण्डवालाहरूले गरेको कामको घीनलाग्दो परिणाम थियो । देशभरि अखण्डको आलाप गाउन एक मुख भएका दलहरू आफ्ना केही नेताको भोट बैंक सुरक्षित पार्न भने जिल्ला टुक्र्याउन सहमत भए । नयाँ जिल्ला त्यही कारण जन्मिए । केही जिल्लाहरू त्यही कारण गाभिए ।

अझ यी दलले नेपाली जनतालाई भेडा नै ठानेको उदाहरण खोज्नुपरे संविधानलाई पढे पुग्छ । संविधानमा धर्मजस्तो संवेदनशील विषयमाथि मजाक गरिएको छ । सारमा यो संविधान हिन्दु धर्मसापेक्ष नै हो तर रूपमा भने धर्म निरपेक्ष हो कि भन्ने पारिएको छ । फलत: अतिवादीले त्यसको रूपमाथि टेकेर धर्मको राजनीति गर्ने मौका पाइरहेका छन् ।

यो देशका आदिवासी, दलित, मधेशी, महिला र सीमान्तकृतलाई २०६३ सालको अन्तरिम संविधानले दिएजति मात्रै अधिकार पनि २०७२ को संविधानमा खोस्ने काम गरियो । संविधान नै यसरी विभेद र विभाजनकारी बनेपछि देशमा बस्ने ठुलो जनसंख्याले यसमा आफ्नोपन महसुस गर्न पाएन । उसको यो राज्यमा समान सहभागिता छुट्दै गयो । मत मतान्तर घट्नुको साटो बढ्दै गयो । समाजको अन्तर्विरोध बुझेर त्यसलाई सम्बोधन गर्न सक्ने व्यक्ति या संस्था कोही, केही देखा नै परेन । यस्तोमा देशभर निराशा नफैलिएर के फैलन्छ ?

देश गणतन्त्रमा प्रवेश गरिसकेपछि वास्तविक जनतन्त्रको अपेक्षा गर्नु आम नेपाली जनताको गल्ती थिएन । तर सत्तामा हालीमुहाली गर्नेहरूले पालैपालो देशको दोहन गर्नेबाहेक अरुतिर ध्यानै दिएनन् । राष्ट्रपति र प्रधानमन्त्रीले शीतल निवासबाट विमानस्थलसम्म जान र काठमाडौँबाट बनेपा पुग्न समेत हेलिकोप्टर चढेको हामीले देखेका छौँ । गाउँगाउँमा सिंहदर बारका नाममा दलहरूको सिन्डिकेट हामीले भोगेका छौँ । सत्ताका निकट मुठीभर चम्चेहरूले रातारात धन-दौलत थुपारेको पनि हेर्नुपरेकै छ । जे देख्न पाउने अपेक्षा थियो, त्यो भने जनताले पाएनन् । विद्यार्थी र क्षमतावान् युवाहरूको विदेश पलायन रोक्ने कुनै योजना राज्य सत्ता कब्जा गरेर बसेकाहरूसँग आजपर्यन्त देखिएन । राज्यशक्तिको आड लिएर झोलामा खेती गरिरहेकाहरू मौलाएर आए तर वास्तविक किसानलाई सम्बोधन गरेको देख्न पाइएन । मजदुरहरूको हितमा कुनै योजना बनेको देख्न पाइएन । राज्यका हरेक तहमा समानुपातिक समावेशिताको झिनो आभाससम्म देख्न वा सुन्न पाइएन । यस्तो पनि गणतन्त्र हुन्छ र ?

बलिदानको भुङ्ग्रोबाट उठेकै मान्छे पनि सिंहदरबारमा पुगेपछि राजा बन्न चाहने देश बनेको छ नेपाल । सामान्य वडाध्यक्षको पाँच वर्षे पदलाई समेत यहाँ त बपौती ठानिसके मान्छेले । यस्तो समयमा अढाई सय वर्ष शासन गरेको राजसंस्थाको प्रतिनिधिले शक्तिमा आउने लालच देखाउनुलाई अन्यथा पनि कसरी मान्नु ? घोषित रूपमा राजसंस्था आउला/ नआउला तर जनताको नोकर हुनुपर्ने ठाउँमा बसेर आफैँलाई राजा ठान्ने वर्तमान प्रवृत्तिको खारेज हुनैपर्छ । देशमा सबैले अपनत्व महसुस गर्न पाउनैपर्छ । जनताको परिवर्तनको चाह पूरा हुनैपर्छ ।

*(साभार: रातोपाटी)*

# छन्द नमिलेको हाम्रो राजनीतिक चरित्र

शंकरनाथ काफ्ले

आजभोलि हाम्रो समाज अलि विचित्रको भएको छ । छन्द नमिलेका कैयौँ गीतहरु सुपर भाइरल हुने गरेका छन् भने जीवन बोकेका कैयौँ गीतहरु उसै हराइरहेका छन् । के राम्रो ? के हुनुपर्ने ? कस्तो भैदिए हुन्थ्यो भन्ने कुराहरु अनुमान गर्न नै नसकिने भएको छ । कुनै पनि विषयको सर्वमान्य सिद्धान्त सिद्ध भैरहेको छैन ।

अरु त अरु स्वयं राजनीतिक सोच र त्यसको अभ्यास पनि सिद्धान्तको विशेषताबाट बाहिर गइरहेको छ अर्थात् भनौं हाम्रो राजनीतिक चरित्रको पनि छन्द मिलिरहेको छैन । यसरी हामी कहिलेसम्म उल्टो दिशातर्फ हिँडिरहने हो र यसले भविष्यमा कस्तो दुष्परिणाम दिने हो ? यसै भन्न सकिने अवस्था छैन ।

नेपालमा वर्तमान राजनीतिमा दुई प्रमुख धारहरु छन् । एउटा कम्युनिस्ट धार र अर्को प्रजातान्त्रिक धार । कम्युनिस्ट धारमा धेरै दलहरु भए पनि जनमतको वर्तमान अवस्थालाई विश्लेषण गर्दा नेकपा एमाले नै बलियो शक्तिको रुपमा उभिएको छ । लामो समयदेखि मुलुकमा पहिलो वा दोस्रो दलको रुपमा नेकपा एमालेले आफूलाई उभ्याउन सफल भइरहेको छ ।

दोस्रो प्रजातान्त्रिक धारलाई समाउने थुप्रै दलहरु भए पनि जनमतको आधारमा सबैभन्दा शक्तिशाली र ठूलो दलको रुपमा नेपाली कांग्रेसले आफूलाई उभ्याउन सफल भएको छ । शान्ति सम्झौतापछि भनौँ वा पहिलो संविधानसभाको निर्वाचनपछि नेकपा माओवादी वैकल्पिक शक्तिको रुपमा यी दुई ठूला दलहरु नेपाली कांग्रेस र नेकपा एमालेलाई चुनौती दिँदै अघि बढेको भए पनि विविध कारणले गर्दा उसले आफ्नो जनमतलाई सोही रुपमा कायम राख्न सकेन ।

यद्यपि अहिलेको अवस्थामा मुलुकको तेस्रो ठूलो राजनीतिक दल भनेको माओवादी नै हो, जसलाई वैकल्पिक राजनीतिक शक्तिको रुपमा अझ नकार्न सकिँदैन । जुनसुकै बेला पनि माओवादीले आफूलाई ठूलो दलको रुपमा स्थापित गर्न नसक्ला भन्न सकिँदैन । गत निर्वाचनमा नयाँ दलको रुपमा उदाएको रास्वपालाई जनताले स्थापित ठूला दलहरुको विकल्पको रुपमा अघि ल्याउने प्रयास गरेको देखिन्छ ।

अधिकांश युवाहरुको नेतृत्व रहेको रास्वपामा जोश, जाँगर र केही गर्नुपर्छ भन्ने हुटहुटी अन्य दलहरुमा भन्दा बढी भएको देखिन्छ । साँच्चिकैमा रास्वपा वैकल्पिक शक्तिको रुपमा स्थापित भई आफ्नो राजनीतिक यात्रालाई चुनौती दिने हो कि भन्ने डर ठूला दलहरुमा नपलाएको होइन । यसै कारणले गर्दा रास्वपाका नेताहरुको जन्मकुण्डली पल्टाएर कहाँ कुन ग्रहलाई सक्रिय बनाएर रास्वपाको यात्रालाई पूर्णविराम लगाउन सकिन्छ भनेर ठूला दलका नेताहरुले ज्योतिष हेरिरहेको पनि देखिन्छ ।

अर्कोतर्फ पाँचौं ठूलो शक्तिको रुपमा उभिएको राप्रपाले बेलाबेलामा देखाउने गरेको शक्ति प्रदर्शन र राजाले गर्ने बेलाबेलाको सम्बोधनले कतै राजतन्त्रको पुनर्स्थापना त हुने होइन ? भन्ने आशामा पनि एकाथरी नागरिक रहेको देखिन्छ । ठूलाले जनअपेक्षाअनुसार कार्य गर्न नसके वैकल्पिक शक्तिको उदय हुनु वा राजसंस्थाको पुनर्स्थापना हुनु कुनै असम्भव विषय पनि होइन । जनता वास्तवमा विकास र प्रगति चाहन्छन्, दिगो शान्ति र समृद्धि चाहन्छन् । आजैको अवस्थामा कुनै कारणले यो सम्भव नहुने देखियो भने जनताको मानसिकताले विकल्प अवश्य रोज्छ । त्यो विकल्प जे पनि हुन सक्छ ।

लोकतान्त्रिक अभ्यास भनेको विचार को प्रतिस्पर्धा हो । मुलुकको वर्तमान आवश्यकता के हो ? मुलुकमा देखिएका समस्याहरु के-के छन् र तिनको समाधानका उपायहरु के-के हुन सक्छन् ? नेतृत्वले इमानदारिताका साथ बुझ्न सक्नुपर्दछ । मुलुकलाई अघि बढाउने जिम्मा लिएका अर्थात् सत्ताधारी दल आफूले गर्ने कार्य इमान र सक्षमताले भरिपूर्ण भएको प्रमाणित गर्दै जनतासँग भोटको लागि अपिल गर्नुपर्दछ । यो सत्ताधारी दलको नीति हुने गर्दछ ।

सत्तामा रहेर पनि आफ्नो घोषणापत्र बमोजिम काम गर्न नसकेको, मुलुकलाई जुनरुपमा अघि बढाउनुपर्ने हो सो बमोजिम अघि बढाउन नसकेको कारणले गर्दा सत्ताधारी दल असफल भैसकेको कारण अब हामीले जनभावनाको सम्मान गर्दै मुलुकलाई अघि बढाउनेछौँ भन्ने प्रतिबद्धतासहितको अपिल गर्दै निर्वाचनमा भोट अपिल गर्नु प्रतिपक्षको पनि कर्तव्य हो । अर्कोतर्फ दुवै थरीको प्रतिबद्धताको विश्लेषण गरेर नयाँ निर्वाचनमा विवेकको मत प्रदान गर्नु नागरिकको कर्तव्य हो ।

पक्ष र प्रतिपक्षको दलिलको विश्लेषण गरेर सही नेतृत्व चुन्न सक्नु नागरिकको सामर्थ्यता पनि हो । समयमा उचित निर्णय गर्न नसकेमा मुलुकले अयोग्य नेतृत्वको सामना गर्नुपर्ने हुन्छ । नेतृत्व अक्षम र अयोग्य चुनियो भने पक्कै मुलुक पछि पर्नेछ, जनभावनाको कदर हुन सक्दैन । यसको दोष नेतृत्वलाई होइन, जनता स्वयंले बहन गर्नुपर्दछ । माथि उल्लेख गरिएझैं नेपालमा प्रजातान्त्रिक विचारका दलहरु र कम्युनिस्ट विचारका दलहरु छन् । वर्तमान अवस्थामा कि नेपाली कांग्रेसले नेतृत्व गर्ने हो, कि नेकपा एमालेले ।

वास्तवमा सत्ताधारी र प्रमुख प्रतिपक्षी दल यी दुई नै हुन् । पछिल्लो निर्वाचनको परिणामले पनि यी दुई दललाई नै पहिलो र दोस्रो ठूलो दलको रुपमा स्थापित गरेको अवस्था छ । राजनीतिक सिद्धान्तको आधारमा विश्लेषण गर्ने हो भने विडम्बना नै मान्नुपर्दछ कि सत्ताधारी र प्रमुख प्रतिपक्षी दल हुनुपर्ने पार्टीहरु विविध कारणले दुवै सत्ताधारी दल बनेका छन् ।

यी दुई ठूला दल विचार र सिद्धान्तमा फरक-फरक भए पनि सत्ताको लागि एकठाउँमा भएको कारण नेकपा माओवादी प्रमुख प्रतिपक्षी दल बनेको छ भने विपक्षी दलको कित्तामा रास्वपा, राप्रपालगायतका दलहरु उभिएका छन् । यो राजनीतिक अवस्थाले ०८४ मा हुने निर्वाचनमा जनताले केको आधारमा निर्वाचनमा दलहरुलाई मत दिने भन्ने कुरा पेचिलो बनेको छ । निर्वाचनको अघिल्लो दिनसम्म यी दुई ठूला दलहरु मिलेर सरकार चलाइरहँदा त्यसको जश, अपजश संयुक्तरुपमा दुवैले लिनुपर्ने हुन्छ । संयुक्त सरकार सफल भएको अवस्थामा एमालेले कांग्रेस नेतृत्वले गरेको काम पनि ठीक थियो तसर्थ हामीलाई अर्थात् एमाले र कांग्रेसलाई भोट दिनू भन्नुपर्ने हुन्छ ।

त्यस्तै कांग्रेसले पनि एमालेको नेतृत्वमा सरकार रहँदा थुप्रै राम्रा कामहरु भएका थिए तसर्थ हामीलाई पनि भोट दिनू, एमालेलाई पनि भोट दिनू भन्न सक्ने अवस्था कायम राख्न सक्नुपर्‍यो । अघिल्लो दिनसम्म सत्ताको समकक्षी बनेर भोलिपल्ट एकले अर्कोको विरोध गर्न वा पक्ष-प्रतिपक्षको रुपमा उभिन पटक्कै सुहाउने छैन ।

अत: ०८४ को निर्वाचनमा राजनीतिकरुपमा सत्तापक्ष र प्रतिपक्षको रुपमा एकातिर कांग्रेस-एमाले र अर्कोतर्फ माओवादी-रास्वपा हुनै पर्ने अवस्था आउनेछ । यो छन्द नमिलेको हाम्रो राजनीतिक अभ्यासको फाइदा उठाउँदा राजावादी वा राजाले पनि ठूलै हलचल नल्याउलान् भन्न सकिन्न । राजनीतिक दाउपेचमा साना दलले ठूला दललाई घुमाइरहनु पनि उचित थिएन । हिजो तेस्रो ठूलो दलले दुई ठूला दललाई सत्ताको खेलमा घुमाउनु घुमाएकै हो ।

त्यो घुमाइले मुलुकमा चरम राजनीतिक अस्थिरता बढेको थियो । यस कारण एउटा कोणबाट दुई ठूला दलहरु मिलेर स्थायित्व प्रदान गर्नुपर्दछ भन्ने आवाज पनि नउठेको होइन । तर स्थायी प्रतिस्पर्धी र भिन्न-भिन्न विचार एवं सिद्धान्त भएका यी दुई ठूला दलहरु मिलेर सरकार गठन गर्दा छन्द नमिलेको भने पक्कै देखिएको छ । सत्ताको लागि ठूला दलहरु मिले भन्ने नराम्रो सन्देश जान्छ भन्ने ठानेर वर्तमान सरकारले संविधान संशोधनको कुरालाई प्राथमिकतामा राखेको जस्तो पनि गर्‍यो ।

तर विडम्बना नै मान्नुपर्दछ, एउटा अध्यादेश र एउटा विधेयक पनि दुवै सदनबाट सजिलोसँग पारित गराउन नसक्ने अवस्थामा रहेको यो गठबन्धनले दुई तिहाइ पुऱ्याएर संविधान संशोधन गर्न सक्ला भन्ने कुरा एकादेशको कुरा हुने लक्षणहरु देखा परिरहेका छन् ।

हुन त सम्माननीय प्रधानमन्त्रीज्यूले संविधान संशोधन ०८७ मा मात्र हुनेछ भनी सांकेतिक घोषणा गरिसकेको अवस्था छ । ०७८ मा संविधान संशोधन गर्नको लागि पनि यी दुई ठूला दलहरुको गठबन्धन कायम नै रहनुपर्ने हुन्छ भने अर्कोतर्फ ठूला दलहरुले लिएको रणनीति पनि यिनै तथ्यलाई सार्थक बनाउन केन्द्रित भएको त होइन ? भनी प्रश्न उठाउने ठाउँ पनि प्रशस्त छ । ०८४ को निर्वाचनमा नेपाली कांग्रेस र नेकपा एमालेबीचमा नै घोषित-अघोषित चुनावी तालमेल हुनेछ ।

अघिल्लो दिनसम्म सत्तामा सहकार्य गर्दै गरेका यी दुई ठूला दल निर्वाचनमा प्रतिपर्धी हुन सक्दैनन् । ०७८ मा पुगेर संविधान संशोधन गर्ने रणनीति लिएको प्रमले प्रतिनिधिसभामा दुई तिहाइको सम्भावना देखे पनि राष्ट्रिय सभामा दुई तिहाइ स्थापित गर्न ०७८ सम्मको समयावधिको लक्ष्य निर्धारण गरेको मान्न सकिन्छ । यी दुई ठूला दलले आगामी निर्वाचनमा एक्लाएक्लै निर्वाचनमा जाने साहस गरे भने आपसी टकरावको अवस्था सृजना हुन्छ ।

त्यो टकरावले एक-आपसमा एकले अर्कोलाई खुइल्याउने कार्यको शुभारम्भ पनि हुनेछ । त्यसको परिणाम माओवादी, रास्वपा, राप्रपालगायतका दलहरुले आफ्नो आकार पक्कै बढाउन पुग्नेछन् । राजा वा राजतन्त्रवादीहरु पनि थप क्रियाशील हुनेछन् । उक्त अवस्थामा संयुक्त दुई तिहाइको त कुरा छाडौं, दुईवटा मात्र दल मिलेर बहुमत पनि सिद्ध गर्न नसक्ने अवस्था सृजना हुन सक्छ । राष्ट्रिय सभामा अहिलेको भन्दा जटिल स्थिति उत्पन्न हुन सक्छ । तसर्थ सत्ताको माछो आफ्नै पोल्टामा पारिराख्नको लागि आगामी निर्वाचनमा यी दुई ठूला दलले घोषित-अघोषित चुनावी तालमेल गर्नेछन् र साना दलहरुको जरो उखल्नको लागि सक्दो प्रयत्न गर्नेछन् ।

आज एउटा अध्यादेश पारित गराउन सहमति निर्माण गर्न नसकेको सरकारले दल विभाजनको अश्त्र प्रयोग गरेर केही हुन्छ कि भन्ने आशा राखेको छ भने भोलि टेकेको भुइँ नै भासिने अवस्था आउन लाग्यो भने मुलुकलाई स्थायित्व प्रदान गर्न हामीले महत्वपूर्ण निर्णय लियौँ भनी हात मिलाएर पत्रकार सम्मेलन गर्न कुनै बेर छैन ।

त्यसो गर्न सके र अभियानमा राजनीतिक इमानदारिता कायम राख्न सके भने त्योभन्दा महत्वपूर्ण र प्रभावकारी प्रयास दोस्रो कुनै नहुन पनि सक्छ । छन्द नमिलेका गीतहरु समेत भाइरल भइरहेको वर्तमान अवस्थामा छन्द नमिलेको राजनीतिले कतै ऐतिहासिक निकास त दिने होइन ! आशा गर्ने ठाउँ छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# राजावादी-हिन्दूवादीको राष्ट्रिय मेलमिलाप



काठमाडौं/राजा र राष्ट्रिय एकताको जति चर्का नारा लगाए पनि राजावादी र हिन्दूवादीहरु आपसमा भने फिटिक्कै मिल्न सक्दैनथे । आइतबार भने सत्ता-विपक्षमा बाँडिएका गणतान्त्रिक दलहरूलाई सशंकित बनाउने गरी पूर्वराजा ज्ञानेन्द्र शाह समर्थकहरुले राजधानीमा उल्लेख्य उपस्थितिमा प्रदर्शन गरेका छन् ।

पोखराबाट काठमाडौं फर्किएका पूर्वराजा ज्ञानेन्द्रलाई स्वागत गर्न सबैजसो राजावादी-हिन्दूवादी शक्तिहरू पहिलोपटक सँगै उभिएका हुन् । राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा, कमल थापा नेतृत्वको राप्रपा नेपाल, अनिल बस्नेत नेतृत्वको शिव सेना नेपाल, दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियान लगायत शक्तिहरू ज्ञानेन्द्र शाहको स्वागतार्थ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगे ।

यी घटकहरु मध्ये राजतन्त्रको पक्षमा वकालत गर्ने बलियो र तुलनात्मक विश्वासिलो शक्ति राप्रपाले पूर्वनिर्धारित कार्यक्रम नै स्थगित गरेर यो स्वागतमा पार्टीपंक्ति परिचालित गर्ने निर्णय गरेको थियो । गत २१ फागुनमा बसेको राप्रपाको पदाधिकारी बैठकले ज्ञानेन्द्र शाहको सन्देशलाई स्वागत गर्न पूर्वनिर्धारित पार्टी कार्यक्रम नै स्थगित गर्ने निर्णय गरेको थियो ।

'पोखराबाट राजाको उक्त सन्देश पछिको पहिलो काठमाडौं फिर्ति सवारीमा नागरिक समाजबाट हुने स्वागत ध्यानमा राख्दै यही फागुन २५ गते काठमाडौंमा पार्टीले आयोजना गरेको पूर्वनिर्धारित आमसभा स्थगित गर्ने र राजाको स्वागतार्थ त्रिभुवन विमानस्थलमा भेला हुन पार्टी पंक्ति र आम जनसमुदायलाई आह्वान गरिएको छ', राप्रपाको निर्णय थियो ।

यो वर्षको प्रजातन्त्र दिवसको अवसरमा गत ६ फागुनमा पूर्वराजा ज्ञानेन्द्रले पोखराबाट भिडियो सन्देश मार्फत देशको रक्षा, प्रगति र समृद्धिका लागि नागरिक आह्वान गरेका थिए । व्यवस्था बदलिए पनि नागरिकको अवस्था झनै बिग्रिएको निष्कर्ष सहित ज्ञानेन्द्र शाहको आह्वान थियो, '.. अब समय आयो, राष्ट्र जोगाउने हो भने, राष्ट्रिय एकता कायम राख्ने हो भने, देशको समृद्धि र उन्नतिका निमित्त हामीलाई साथ दिन सबै देशबासीहरुलाई आह्वान गर्दछौं ।'

पूर्वराजा ज्ञानेन्द्रले अघिल्ला प्रजातन्त्र दिवसहरुमा पनि बक्तव्य जारी गर्ने गरेका थिए । तर यसपटकको भिडियो सन्देशमा व्यक्त सक्रियताको चाहनापछि राजावादीहरू उत्साहित बनेका छन् । ज्ञानेन्द्र शाहको सन्देशलाई स्वागत गर्न पोखरा सहित देशका अरू भूभागहरूमा पनि राजावादीहरुका गतिविधि भएका छन् ।

२१ फागुनमा राजधानी काठमाडौंमा राजावादी-हिन्दूवादीहरुको मोटरसाइकल र्‍याली निस्कियो । त्यस दिनको र्‍यालीमै अलग-अलग गतिविधि गरिरहेका राजावादी-हिन्दूवादीहरू एकताबद्ध हुनसक्ने संकेत देखिएको थियो । अर्थात् ज्ञानेन्द्र शाहको भिडियो सन्देशपछि पहिलोपटक राजतन्त्र पक्षधर शक्तिहरू एकठाउँ उभिन पुगेका छन् ।

नयाँ/पुराना राजावादीहरू शक्तिहरू जुट्दा गणतन्त्र पक्षधर नेताहरू पनि एकस्वर सुनिएका छन् । २२ फागुनमा महोत्तरीमा आयोजित एक कार्यक्रमबाट प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पूर्वराजा ज्ञानेन्द्रलाई राजनीतिको रहर भए चुनाव जितेर आउन चुनौती दिएका थिए ।

'लोकप्रिय हुनुहुन्छ भने ठीक छ, चुनाव लड्न आउनुस् न । तपाईलाई जहाँसुकै पनि चुनाव लड्न खुला छ' प्रधानमन्त्री ओलीको चुनौती थियो । राप्रपाकै राजनीति गर्दा पनि हुने प्रधानमन्त्रीको सुझाव थियो । ओलीको चुनौतीलाई सत्ता साझेदार अरु दल र नेताहरुको पनि समर्थन छ । ओलीले आइतबार सुदुरपश्चिम प्रदेशसभामा सम्बोधन क्रममा पनि पूर्वराजा शाहलाई सोही प्रकृतिको आह्वान गरेका छन् ।

२३ फागुनमा झापा पुगेका कांग्रेस नेता डा. शेखर कोइरालाले राजतन्त्र फर्काउने कोशिस भएपनि पार नलाग्ने विश्वास व्यक्त गरेका थिए । 'माइखोलामा धेरै पानी बगिसक्यो, यो १२/१५ वर्षमा । अब मलाई विश्वास छैन । तर कोशिस त मान्छेले गरिराखेका हुन्छन्' राजतन्त्र नफर्कने उनको विश्वास थियो ।

डोटी पुगेका कांग्रेस सभापति शेरबहादुर देउवाले गत २२ फागुनमा आयोजित एक कार्यक्रमबाट राजतन्त्र स्वयं उसकै कारणले अन्त्य भएको बताए । गणतन्त्रमा राजतन्त्रको स्थान नहुने बारे प्रष्ट हुनुपर्ने देउवाको भनाइ थियो । सरकारका प्रवक्ता एवं सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरूङले त आफ्नो परिवार समेत जोगाउन नसक्ने ज्ञानेन्द्र शाहले देशको रक्षा गर्न नसक्ने तर्क गरे । 'आफ्नो दरबारको रक्षा गर्न नसक्ने त्यो राजतन्त्र, परिवारको रक्षा गर्न नसक्ने राजसंस्था, जहाँ मेरिटोक्रेसी र प्रतिस्पर्धाको कुनै गुञ्जायस हुँदैन' मन्त्री गुरूङले २३ फागुनमा सिंहर दबारभित्रै आयोजित पत्रकार सम्मेलनमा भनेका थिए, 'एउटा कुलमा जन्मिएको कारणले तीन करोड जनताको सबैभन्दा श्रेष्ठ ठहरिन्छ । जसको शासनमुनि हामी बस्न बाध्य पारिन्छ । त्यस्तो प्रणाली कसरी मान्ने ? राजावादी मच्चिदैमा राजा फर्किन्छ जस्तो लाग्दैन ।'

विपक्षी दलहरुको मोर्चाबन्दी गरिरहेको माओवादी केन्द्रले त राजावादी गतिविधि बढेको भन्दै जागरण अभियान नै स्थगित गरेको छ । हुलाकी राजमार्ग केन्द्रित अभियान स्थगित गरेर माओवादी नेताहरु काठमाडौं आएका छन् । नेताहरुका अनुसार गणतन्त्र पक्षधरको पनि आन्दोलन निकाल्ने तयारीमा माओवादी जुटेको छ ।

तर गणतन्त्र पक्षधर नेताहरूको चेतावनी र खबरदारीलाई चुनौती दिनेगरी राजावादीहरुले शक्ति-प्रदर्शन गरेका छन् । राजधानी उपत्यकाको ट्राफिक व्यवस्थापन नै खल्बलिनेगरी भएको स्वागत जुलुस झिल्को मात्र भएको राप्रपा अध्यक्ष लिङ्देन बताउँछन् । 'छोटो तयारीमा राजधानी उपत्यकाभित्र रहेका जनता आज त्यहाँ सहभागी भयौं । यो त अझ बढ्दै जानेछ', उनी भन्छन् । सरकारका अधिकारीहरुका अनुसार पूर्वराज्ञा ज्ञानेन्द्रको स्वागत गर्न लगभग एघार हजार मानिस सडक उत्रिएका थिए ।

### थोरै थपिए, बाँकी पुरानै

राष्ट्रिय राजनीतिकै प्रमुख एजेण्डा बन्न पुगेको पूर्वराजा ज्ञानेन्द्रको भिडियो सन्देश र राजावादीहरुको शक्ति संरचनामा कुनै ठूलो परिवर्तन भने देखिदैन । गणतन्त्र पक्षधर कांग्रेस, एमाले, मोआवादी केन्द्र, एकीकृत समाजवादीदेखि नयाँ राजनीतिक शक्तिका रूपमा उदाएका रास्वपा, जनमत, नाउपा लगायत शक्तिभित्र समेत राजतन्त्रको पक्षमा आवाज सुनिएको छैन । भलै कांग्रेसभित्र हिन्दूत्ववादी जनमत उल्लेख्य मात्रामा छ ।

यसपटक राजतन्त्रको पक्षमा उभिएका नयाँ अनुसार भनेका दुर्गा प्रसाई, गंगा चौधरी सत्गौवा, मनिषा कोइरालाहरू मात्र हुन् । बाँकी त पूर्वपञ्चहरूकै पार्टी, राप्रपाका नेता-कार्यकर्ता र समर्थकहरू हुन् । यद्यपि राप्रपा यसपटक एकताबद्ध छ । मुख्यगरी राजेन्द्र लिङ्देन र कमल थापा सँगै उभिन पुगेका छन् । र, राप्रपाको उद्देश्य नै राजसंस्थालाई समर्थन जनाउनु हो ।

अर्थात् राजसंस्था पुनर्स्थापनाको आन्दोलनमा नयाँ शक्ति-संरचना थपिएको छैन । बरू राजावादीहरुमा जनसमर्थन बढेको अनुमान गर्न सकिन्छ । सत्तारुढ नेताहरु पनि गणतान्त्रिक प्रणालीले जनतामा आशा र भरोसा दिलाउन नसक्नुको परिणाम राजावादी गतिविधि बढेको स्वीकार्छन् । 'खाली राजाको बारेमा कुरा गरेर मात्र हुँदैन । हामीले जनतालाई कतिको खुशी पार्न सकेका छौं । गणतन्त्र ल्यायौं, गणतन्त्रमा जनतालाई आशा र भरोसा दिलाउन सक्यौं कि सकेनौं भन्ने महत्वपूर्ण हो', कांग्रेस नेता शेखर कोइराला भन्छन् । निकट बिगतको घटनाक्रम हेर्दा पनि राजावादी गतिविधि बढ्नुमा गणतन्त्रवादी नेताहरूको कमजोरी मुख्य आधार देखिन्छ ।

जस्तो- २०७४ देखि ०७७ सम्म राप्रपा र राजावादी गतिविधि तुलनात्मक कमजोर थियो । एमाले र माओवादीबीच तालमेल भएर बनेको वाम गठबन्धनले २०७४ को चुनावमा संसदीय संसदको दुई तिहाइ सिट जित्दा राप्रपाबाट राजेन्द्र लिङदेन एक्लैले जितेका थिए । एक्लो लिङदेनले संसदमा प्रश्न उठाउन त सक्थे, तर सत्ता समीकरणको भय तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई थिएन ।

त्यस बेला आन्तरिक कलह व्यवस्थापन गर्न नसकेर ५ पुस ०७७ मा प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा विघटन गरे । यो निर्णयसँगै एमाले र माओवादीको पार्टी एकता भंग भयो । उता राप्रपामा नेतृत्व परिवर्तन भयो । कमल थापालाई हराएर राजेन्द्र लिङदेन अध्यक्ष बने । लिङदेन अध्यक्ष भएर आएपछिका हरेक वर्ष राजावादीहरुको शक्ति प्रदर्शन हुने गरेको छ, र गणतन्त्र पक्षधर नेताहरूलाई सानोतिनो पीर थपिने गरेको छ ।

गत वर्ष यही सिजन (फागुन-चैतमा) पूर्वराजा ज्ञानेन्द्र शाहको देशव्यापी अभिनन्दन चलिरहेको थियो । ७ फागुन २०७९ मा झापाबाट नागरिक अभिनन्दनमा सहभागी हुन थालेका पूर्वराजा ज्ञानेन्द्रले २० वैशाख २०८० देखि सार्वजनिक भाषण पनि गरे । वीरगञ्ज पुगेर त श्रीपेचबारे बोलेका थिए । पूर्वराजाको आशय थियो- श्रीपेच सुरक्षित रूपले राख्न मात्र दिएको हुँ, फेरि सक्रिय हुन सक्छु ।

पूर्वराजा र राजावादीहरूका विरुद्ध गणतान्त्रिक दलहरू एकताबद्ध हुन पुगेका थिए । प्रधानमन्त्रीको हैसियत प्रचण्डले १२ बुँदे सम्झौतामा हस्ताक्षर गर्ने दलहरुकै बैठक राखेका थिए । १२ बुँदे पक्षधर दलहरुको बैठक राखेर चर्को राजावादीका रुपमा गतिविधि गरिरहेका दुर्गा प्रसाईं नेतृत्वको अभियानविरुद्ध काउण्टर गतिविधि र निर्णय समेत भएको थियो । जबकि दुर्गा प्रसाईं तत्कालीन नेकपा (पुनर्स्था पित एमाले) कै उत्पादन हुन् । अहिले चर्को राजावादी बनेका प्रसाई र गंगा चौधरीहरु मात्र नभएर राजावादी राप्रपालाई बलियो बनाउने काम पनि गणतन्त्रवादीहरूले नै गरिरहेका छन् ।

थालनि भने २०५२ सालबाटै भयो । त्यसका मुख्य दुई शक्ति कांग्रेस र एमालेबीचको शक्ति संघर्षमा राप्रपाका लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई पालैपालो प्रधानमन्त्री बनाउनेदेखि डा.मोहम्मद मोहसिनलाई राष्ट्रिय सभा अध्यक्ष बनाउनेसम्म काम भएको थियो ।

२०५१ सालको मध्यावधिमा जम्मा २० सिट जितेको राप्रपाका चन्द एमालेको समर्थनमा र थापा कांग्रेसको समर्थनमा प्रधानमन्त्री भए । कांग्रेस र एमालेकै भोट पाएर राष्ट्रिय सभामा ३ सांसद जिताउन सफल राप्रपाले एमालेको साथ पाएर राष्ट्रिय सभाकै अध्यक्ष पाएको थियो । २०५६ सालपछि त ज्ञानेन्द्र शाह आफै मन्त्रिपरिषदको अध्यक्ष बन्ने समेतको परिस्थिति सिर्जना भयो ।

तर २०६२/०६३ सालको दोस्रो संयुक्त जनआन्दोलनपछि राजावादीसँग सहकार्य टुट्यो । दश वर्षपछि राप्रपासँग फेरि सहकार्यको थालनी एमाले अध्यक्ष ओलीले गरे । ३ असोज २०७२ मा संविधान जारी भएपछि ओली पहिलोपटक प्रधानमन्त्री निर्वाचित भएका थिए ।

माओवादीको समर्थनमा प्रधानमन्त्री बनेका ओलीले कमल थापालाई उपप्रधान एवं परराष्ट्रमन्त्री बनाए । तर यो गठबन्धन लामो समय चलेन । माओवादीले गठबन्धन तोड्दै कांग्रेससँग सहकार्य गर्‍यो, प्रचण्ड प्रधानमन्त्री भए । सरकार फेरिएसँगै कमल थापाले पनि कित्ता फेरे ।

कांग्रेस-माओवादी समीकरणको सरकारमा सहभागी हुँदा कमल थापाले २७ पुसलाई 'राष्ट्रिय एकता दिवस' घोषणा गराउन तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई सहमत गराए । गणतन्त्र स्थापनापछि पृथ्वीनारायण शाहको जन्मदिनलाई राष्ट्रिय उत्सवका रुपमा मनाइएको यो (२७ पुस २०७४) पहिलोपटक थियो ।

त्यसयता सरकार र राजावादीले आ-आफ्नै शैलीमा पृथ्वी जयन्ती मनाउँदै आएका छन् । तर २०७८ सालको पृथ्वीजयन्ती भिन्न देखियो । त्यो वर्षको २७ पुसमा ज्ञानेन्द्र शाहले राजाकै झल्को दिनेगरी पृथ्वीनारायण शाहको शालिकमा माल्यार्पण गरे । अर्को वर्ष २०७९ मा राप्रपाले अप्रत्यासित मत पायो । राप्रपाले प्रतिनिधि सभामा १४ सिट जितेपछि अध्यक्ष राजेन्द्र लिङ्देन प्रचण्ड नेतृत्वको सरकारका उपप्रधानमन्त्री बने । उनले राप्रपाका मन्त्रीहरू रहेको मन्त्रालयमा पृथ्वीनारायण शाहको तस्वीर राखे । गणतन्त्र स्थापनापछि पहिलोपटक यस्तो दृश्य सिंहरदरबार भित्र देखिएको थियो ।

यद्यपि दुई महिना नपुग्दै सत्ता समीकरण फेरिएकाले राप्रपा सरकारबाट बाहिरियो, र 'राजादेखि माओवादीसम्म अट्ने नवीन समझदारी'को प्रस्ताव सहित विपक्षी भूमिकामा छ । अनि तिनै राप्रपा सहित राजावादी शक्तिहरूको गतिविधि फेरि गणतन्त्र पक्षधर नेताहरूका निम्ति चुनौती देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'माग्ने राजा'मा किन खिचियो पूर्वराजाका समर्थकको प्रदर्शन ?





काठमाडौं/आइतबार दिउँसो पोखराबाट समिट एयरको चार्टर्ड विमानमार्फत काठमाडौं आएका पूर्वराजा ज्ञानेन्द्र शाहलाई स्वागत गर्न त्रिभुवन विमानस्थलको मुख्यद्वारमा राष्ट्रिय झण्डा लिएर उपस्थित भएका हजारौं राजावादी समर्थकहरूको दृश्य फिल्ममा समेत हेर्न पाइने भएको छ । महाशिवरात्रिको दिनदेखि छायांकनरत फिल्म 'माग्ने राजा'मा राजावादी समर्थकहरूको प्रदर्शनलाई कैद गरिएको हो ।

निर्देशक ऋषि लामिछानेले फिल्ममा पूर्वराजाको दृश्य भने कैद नगरिएको जानकारी दिए । उनले भने, 'हामीले पूर्वराजालाई चाहिँ खिचेका होइनौं । हामीले राष्ट्रिय झण्डालाई खिचेका हौं । त्यहाँ राप्रपा वा अन्य कुनै पार्टीको झण्डा हुन्थ्यो भने हामी खिच्दैन थियौं । 'माग्ने राजा'को मान्यता भनेको पार्टीभन्दा देश माथि हुन्छ भन्ने हो । त्यसैले हामीले फिल्मका लागि देशको झण्डालाई खिचेका हौं ।'

निर्देशक लामिछानेका अनुसार झण्डासहितको राजावादीको प्रदर्शनलाई खिच्न सातवटा क्यामरा प्रयोग गरिएको थियो । उक्त दृश्य फिल्ममा २ देखि ३ मिनेटसम्म राखिने उनले बताए । फिल्ममा राष्ट्रिय झण्डासहितको प्रदर्शनको दृश्य अति आवश्यक रहेकाले नै खिचिएको उनको भनाइ छ । आगामी तीजमा प्रदर्शन हुन लागेको फिल्ममा हास्य अभिनेता केदार घिमिरे प्रमुख भूमिकामा छन् ।

फिल्ममा केदारसँगै आर्यन सिग्देल, वर्षा सिवाकोटी, विल्सन विक्रम राई, शिशिर वाङ्देल, पुष्कर गुरुङ, मिस पबी लगायतको पनि अभिनय देख्न सकिनेछ । फिल्ममा केदारको जोडी वर्षासँग बाँधिएको छ । यसअघि उनीहरुले 'छक्का पञ्जा ५'मा सहकार्य गरेका थिए । मुनाल घिमिरे निर्माता रहेको फिल्मका छायाँकार नरेन्द्र मैनाली हुन् । यसमा सामीप्यराज तिमल्सिनाको पटकथा लेखन छ ।

# सुरक्षा अभिनीत 'खेल'को शीर्ष गीत रिलिज



काठमाडौं/आगामी बैशाख १२ गते प्रदर्शनमा आउन लागेको फिल्म 'खेल'को शीर्ष गीत सार्वजनिक गरिएको छ । र्‍याप मिश्रित गीतमा स्वर र शब्द रचना स्याम्मी डी रियल जीको रहेको छ । र्‍याप गायिकाको रुपमा परिचित उनले यही गीतबाट पार्श्व गायनमा डेब्यु गरेकी हुन् । गीतका संगीतकार तथा संगीत निर्माता सुरज ब्लुज हुन् । मिक्सिङ र मास्टरिङ भारतका अभिनव अग्निहोत्रीले गरेका छन् ।

गीतको भिडियोमा फिल्मका मुख्य अभिनेत्रीहरू सुरक्षा पन्त, मोनिका थापा, हेना नगरकोटी, समापिका गौतम, निकिता आचार्यसँगै मिथिला शर्मा, भोलाराज सापकोटा, सरिता गिरी, किरण श्रेष्ठ, भावना घिमिरे, सुहानी खड्का क्षेत्री लगायतका कलाकारलाई देख्न सकिन्छ । साथै, गायिका स्याम्मी र बक्सर रश्मिला श्रेष्ठ पनि फिचर्ड छन् ।

बलिउडका अनुभवी सह-निर्देशक अनुराग प्रधान र नेपाली फिल्ममा सह-निर्देशन गर्दै आएकी आस्था श्रेष्ठको संयुक्त निर्देशनमा तयार भएको 'खेल'लाई सिरुपाते कट्सको ब्यानरमा आशिषराज महर्जनले निर्माण गरेका हुन् । फिल्मको कथा नेपाली लोककथा, परम्परा, अध्यात्म, थ्रिलर, र सस्पेन्सको मिश्रणमा आधारित रहेको जनाइएको छ ।

लुइसराज महर्जन कार्यकारी निर्माता तथा कुनालराज गुरुङ र रहिशराज महर्जन सह-निर्माता रहेको फिल्मको कथा आशिषराज महर्जनको हो भने पटकथा अभितेन्द्र र अनुराग प्रधानको रहेको छ । संवाद विष्णु गैरेले तयार पारेका हुन् । अध्ययनका लागि काठमाडौंको होस्टेलमा बसेका चार साथीको कथालाई फिल्मले देखाउनेछ । फिल्ममा रोशन राई र सञ्जय लामाको छायांकन छ ।

# 'राजागंज'को जनकपुरमा प्रिमियर, मेयरले गरे प्रशंसा

काठमाडौं/आगामी चैत १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'राजागंज' (पूजा, सर)को टिमले दर्शकसम्म पुग्न फरक अभ्यास गरेको छ । प्राय: नेपाली फिल्मको प्रदर्शनभन्दा २/३ दिनअघि काठमाडौं केन्द्रित प्रिमियर गरिन्छ । र, त्यसमा फिल्मकर्मीहरुको उपस्थिति बढी रहन्छ । तर, 'राजागंज'को भने विभिन्न सहरमा विशेष शोको आयोजना गर्दै निर्माताले दर्शकको प्रतिक्रिया बुझिरहेका छन् ।

गत बिहीबार विर्तामोड र शुक्रबार इटहरीमा विशेष शोको आयोजनापछि शनिबार नारी दिवसको अवसरमा फिल्मको छायांकन भएको सहर जनकपुरमा प्रिमियर गरियो । जनकपुरमा अवस्थित गिरिजा हलमा गरिएको रेड कार्पेट प्रिमियरमा जनकपुरधामका मेयर मनोजकुमार साहदेखि प्रहरीका उच्चपदस्थ पदाधिकारीहरु उपस्थित भएका थिए ।

निर्देशक दीपक रौनियार, कलाकारहरु आशा मगराती, आरती मण्डल, पुष्पा यादव, रिंकु गायत्री मिश्रालगायतको उपस्थिति रहेको प्रिमियरमा सहभागीले फिल्मको खुलेरै प्रशंसा गरे । मेयर साहले महिलाहरु फिल्मको मुख्य पात्र पूजा सरजस्तै आँटिलो, हिम्मतिलो र जोशिलो हुनुपर्ने बताए । उनले भने, 'अहिलेका महिलाहरु कमजोर छैनन् भन्ने फिल्मले देखाउँछ ।'

विभिन्न सहरमा फिल्मको विशेष शो आयोजना हुँदै गर्दा शनिबार पहिलो गीत 'इन्द्रेणी' सार्वजनिक गरिएको छ । प्रवेश मल्लिकको संगीत रहेको गीतमा धिरेन्द्र प्रेमर्शीको शब्द तथा स्मारिका फुयाँलको गायन छ । गीतमा वर्णको आधारमा हुने विभेदलाई प्रस्तुत गरिएको छ । निर्देशक रौनियारले 'इन्द्रेणी' गीतलाई फिल्ममा कथावाचनको रुपमा समावेश गरिएको जानकारी दिए ।

बलिउड निर्देशक अनुराग कश्यप कार्यकारी निर्माता रहेको 'राजागंज'मा आशा मगराती, दयाहाङ राई, विजय बराल, ऋचा शर्मा, पशुपति राई, निकिता चाण्डक (पूर्वमिस नेपाल), गौमाया गुरुङ, पुष्पा यादव, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वर कुमार झा लगायतको अभिनय छ । फिल्मले अपहरणमा परेका दुई बालकलाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसनको कथा भन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नेप्सेको सीईओ बन्न १० जनाले दिए आवेदन




काठमाडौं/नेपाल स्टक एक्स्चेन्ज (नेप्से)को प्रमुख कार्यकारी अधिकृत (सीईओ)का लागि १० जनाले आवेदन दिएका छन् । आइतबार साँझसम्म आवेदन दिने म्याद तोकिएको थियो । सीईओ सिफारिस समितिले तोकेको म्यादभित्र आवेदन दिनेमा यसअघि नै सीईओ सम्हालिसकेका कृष्णबहादुर कार्की समेत छन् । त्यस्तै सीडीएस एण्ड क्लियरिङका पूर्व सीईओ पूर्णप्रसाद आचार्यको पनि आवेदन परेको छ ।

नेप्से सचिवालयका अनुसार अन्य आवेदकमा बद्रिप्रसाद प्याकुरेल (नुवाकोट), नारदकुमार लुइँटेल (सर्लाही), युवराज दाहाल (झापा), प्रविण अधिकारी (काभ्रेपलान्चोक), चुडामणि चापागाईं (झापा), बिमलकुमार तिवारी (सिराहा), हेमन्त बस्याल (पाल्पा) र मुकुन्दराज जोशी (डढेलधुरा) छन् ।

अब सिफारिस समितिले यी नामबाट ५ जनाको सर्टलिस्ट तयार गर्नेछ । सर्टलिस्टमा परेका ५ जनालाई अन्तर्वार्ता तथा कार्ययोजना प्रस्तुतीका लागि बोलाइनेछ ।

कार्यायोजना प्रस्तुती तथा अन्तवार्ताबाट उत्कृष्ट ३ जनालाई छनोट गरी नाम सिफारिस गरिनेछ । समितिको सिफारि समध्येबाटै एक जनालाई सरकारले सीईओमा नियुक्त गर्नेछ ।

खुल्ला प्रतिस्पर्धाबाट सीईओ नियुक्तिका लागि गठित सिफारिस समितिले आजसम्म आवेदन माग गरेको थियो । अर्थ मन्त्रालयले नेप्सेको कार्यकारी अधिकृत नियुक्ति गर्ने प्रयोजनार्थ सहसचिव सेवन्तक पोखरेलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो ।

समितिमा अर्थ मन्त्रालयका सहसचिव अमृत लम्साल सदस्य र विज्ञ सदस्यका रुपमा डा खोमराज खरेल छन् । कृष्णबहादुर कार्कीको कार्यकाल सकिएसँगै माघ २५ गतेदेखि नेप्से सीईओविहीन छ ।

*(स्रोत: अनलाइनखबर)*

# भारतलाई तेस्रोपटक च्याम्पियन्स ट्रफी क्रिकेटको उपाधि

काठमाडौं/आईसीसी च्याम्पियन्स ट्रफी क्रिकेट २०२५ को उपाधि भारतले जितेको छ । आइतबार भएको फाइनलमा न्युजिल्याण्डलाई ४ विकेटले हराउँदै भारत ले उपाधि जितेको हो ।

न्युजिल्याण्डले दिएको २५२ रनको लक्ष्य भारतले ४९औं ओभरमा ६ विकेट गुमाएर पूरा गर्‍यो । कप्तान रोहित शर्माले आक्रामक सुरुवात गर्दै शुभमन गिलसँग मिलेर शतकीय साझेदारी गरेका थिए । रोहित ७६ रनमा आउट भए । श्रेयस अय्यरले ४८ रन बनाए भने केएल राहुल ३४ रनमा अविजित रहे ।

१०५ रनमा पहिलो विकेट प्राप्त गरेपछि न्युजिल्याण्डले निरन्तर रूपमा विकेट निकाल्दै भारतलाई दबाबमा राख्ने प्रयास गरेको थियो । माइकल ब्रेसवेल र मिचेल सान्टनरले २-२ तथा काइल जेमिसन र रचिन रविन्द्रले १ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको न्युजिल्याण्डले भारतसामू २५२ रनको लक्ष्य प्रस्तुत गरेको थियो । न्युजिल्याण्डले ५० ओभरमा ७ विकेट गुमाएर २५१ रन बनाएको थियो ।

डारिल मिचेलले सर्वाधिक ६३ रन बनाए । माइकल ब्रेसवेल ५३ रनमा अविजित रहे । रचिन रविन्द्रले ३७ र ग्लेन फिलिप्सले ३४ रन बनाए । भारतका लागि वरुण चक्रवर्ती र कूलदीप यादवले २-२ तथा मोहम्मद शामी र रविन्द्र जडेजाले १-१ विकेट लिए ।

भारतक लागि यो च्याम्पियन्स ट्रफीको तेस्रो उपाधि हो । यसअघि भारतले सन् २००२ मा श्रीलंकासँग संयुक्त रूपमा उपाधि जित्दा २०१३ मा उपाधि जितेको थियो ।

# पूर्वराजाका गतिविधिमा सांसदले खोजे नियन्त्रण



काठमाडौं, २५ फागुन/ आइतबार राष्ट्रिय सभा सदस्यहरू पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतमा निकालिएका ¥याली छिचोल्दै नयाँ बानेश्वरस्थित संसद् भवन पुगे ।

राजतन्त्रको अन्त्यका लागि लडेका नेताहरूले जब त्यसकै पक्षमा निकालिएका ¥याली छिचोलेर संसद् भवन जानुपर्ने भयो त्यसको भाव सभामा व्यक्त उनीहरूका विचारमा प्रकट नहुने कुरै भएन । शून्य र विषय समयमा बोल्दै उनीहरूले पूर्वराजा ज्ञानेन्द्र शाहको अभिव्यक्ति र गतिविधिउपर सरकारको नियन्त्रण खोजे । राजनीतिक दलहरूको धारणा माग गरे ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद मोहम्मद खालिद सरकार, राजनीतिक दलहरू र राजावादी तीनवटै पक्षलाई प्रश्न गर्छन । 'लामो संघर्ष, बलिदान एतिहासिक मधेश जनविद्रोह, जनआन्दोलन र जनयुद्ध तथा विभिन्न जातजातिको आन्दोलनपछि धेरै कष्ट गरेर हामीले संघीय लोकतान्त्रिक गणतन्त्र पाएका छौं । यसकाविरुद्ध सडकमा कुराहरू आइरहेको छ । यसमा सरकारले आफ्नो दायित्व निर्वाह गरोस्' खालिदको आग्रह छ ।

सरकारले दायित्व निर्वाह गर्दा संविधान विरोधी आवाज सडकमा नसुनिने उनको विश्वास छ । उनी भन्छन्, 'विगतका र वर्तमान सरकारको केही विफलताको फलस्वरूप कसैले गणतन्त्रको सट्टा, लोकतन्त्रको सट्टा अरू कुरा निम्त्याउँछ भने त्यसमा सरकारले ध्यान पु¥याउनै पर्छ ।' सरकारले दायित्व निर्वाह गर्दै गर्दा राजनीतिक दलहरूले आफ्नो पोजिसन क्लियर गरिदिनुपर्ने उनको अर्को आग्रह छ । 'राजनीतिक दलहरूले आफ्नो पोजिसन क्लियर गरून कि- उहाँहरू के चाहनु हुन्छ ?' खालिद भन्छन्, 'सामने आते भी नहीं, साप छुपते भी नहीं' वाला परिस्थिति जनताले राम्ररी नियालिरहेका छन्, हेरिरहेका छन् । यसमा ध्यान जाओस् ।'

राजावादीलाई संविधान मानेर अघि बढ्न खालिदको सुझाव छ । 'संघीय लोकतान्त्रिक गणतन्त्र चाहिँदैन भने के चाहिन्छ त ? प्रतिगमन चाहियो ?' खालिदको प्रश्न छ । यदि प्रतिगमन चाहेको भए त्यो पूरा हुन नसक्ने उनको राय छ । जनताको अवस्था बदल्ने एजेन्डा लिएर अघि बढ्न राजावादीलाई सुझाव छ ।

हरेक वर्ष प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा पूर्वराजा ज्ञानेन्द्रले शुभकामना दिँदै आएका छन् । शुभकमना दिने क्रममा यसवर्ष ६ फागुनमा ज्ञानेन्द्रले शासन सत्ता छोड्नुलाई त्यागको रूपमा व्याख्या गरेका थिए । राजगद्दी त्याग्नुलाई कमजोरी नठान्न राजनीतिक दलहरूलाई चेतावनी दिएका थिए ।

पूर्वराजा ज्ञानेन्द्रको यस्तो अभिव्यक्तिले उत्साहित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आइतबार पोखराबाट चार्टर्ड विमानमा काठमाडौं आएका शाहको स्वागतमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आसपासमा ¥याली निकालेको हो । पूर्वनिर्धारित आमसभा स्थगित गरेर राप्रपाले राजाको स्वागत ¥यालीमा समय खर्चिएर राजतन्त्रका पक्षधरहरूको शक्ति देखाउने प्रयास ग¥यो ।

राप्रपाको यस्तो कदमलाई गणतन्त्रमाथि प्रहार गर्ने अराजकतावादी गतिविधिको संज्ञा दिन्छन् नेकपा माओवादी केन्द्रका सांसद जगप्रसाद शर्मा । 'यो (राजावादीको प्रदर्शन) संविधान विरोधी हर्कत, व्यवस्था विरोधी, संघीयता विरोध क्रियाकलाप जे छन्, यो अराजकतालाई नियन्त्रण गर्न कन्ट्रोल गर्न सरकार किन सकिरहेको छैन ?' शर्माको प्रश्न छ ।

एकातिर सरकारलाई प्रश्न गरेका माओवादी सांसद शर्माले अर्कोतिर कतै शक्तिमा रहेकाहरू नै राजावादीसँग अप्रत्यक्ष गठबन्धनमा छन् कि भन्ने गम्भीर आशंका गरे । अन्यथा, राजनीतिक दलहरूले पूर्वराजा ज्ञानेन्द्रको व्यवहारबारे आफ्नो प्रष्ट धारणा ल्याउनुपर्ने उनको आग्रह छ ।

'अहिलेका राजनीतिक पार्टीहरूले कित्ता क्लियर गर्नुपर्ने भयो,' उनी भन्छन्, 'कहीँ न कहीँ कुनै न कुनै ढंगको एउटा पुरानो अवशेष बेबी किङ, वल्ड किङ अथवा युथ किङ भन्ने यस्तो सोचाइ वा मनोभावनाले काम गरेर यस्तो भएको त होइन ? अथवा यो प्रवृत्ति र त्यो प्रतिगामी प्रवृत्ति बीचको कहीँ न कहीँ कुनै न कुनै ढंगको अपवित्र प्रकारको अप्रत्यक्ष ढंगले गठबन्धन त छैन ? भन्ने शंका गर्न सकिन्छ ।'

प्रमुख राजनीतिक दलहरू संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प राजतन्त्र वा प्रतिगमन हुन सक्दैन भन्नेमा प्रष्ट रहेको आफ्नो दृढ बुझाइ रहेको उनले बताए । माओवादी सांसद शर्मा थप्छन्, 'यही विश्वास नागरिकलाई दिलाउनुपर्छ- गणतन्त्रको विकल्प राजतन्त्र होइन । संविधानको विकल्प पछाडि प्रतिगमनतिर फर्किने कुरा हुँदै होइन ।'

माओवादीका अर्का सांसद सुरेश आलेमगरको पनि शक्तिमा रहेका दलहरूप्रति आशंका छ । 'एकातिर राजतन्त्रका भुतहरू सलबलाउने अर्कोतिर यो देशको राज्य सत्ताको बागडोर कसको हातमा छ भन्दा जसलाई राजतन्त्र ल्याउने कुरामा सुरुमा हिचकिचाहट थियो, भय थियो । कहिले बेबी मोनार्की, कहिले सेरेमोनियल मोनार्की भन्नुभएको थियो' सांसद मगरले राजतन्त्र अन्त्यको समय स्मरण गरे ।

तर, त्यसबेला नेपालमा गणतन्त्र आउन सक्दैन भन्नेहरू नै अहिले सत्तामा रहेको मगरले दोहो¥याए । 'जसले राजतन्त्र नष्ट गरेर गणतन्त्र ल्याउनुपर्छ भन्दा खिसिटुयुरी गरेर भन्थे बयलगाढा चढेर अमेरिका जाने ? भन्नुहुन्थ्यो । त्यस्ता व्यक्तिहरू राज्य सत्तामा भएको बेलामा यो (राजावादीहरूको प्रदर्शन) फगत एउटा संयोग हो कि त्यस्तै व्यक्ति (नेपालमा गणतन्त्र आउन सक्दैन भन्ने व्यक्ति) हरूबाट राजतन्त्रका भुतहरू प्रोत्साहित भइरहेका छन् ? प्रेरिरत भइरहेका छन ?'

अन्यथा, सत्तामा रहेका दलहरूले ज्ञानेन्द्र शाहबारे आफ्नो बुझाइ र व्यवहार प्रष्ट गर्नुपर्ने उनको आग्रह छ । १० वर्षे माओवादी सशस्त्र युद्ध, २०६२/६३ को जनआन्दोलन र मधेश आन्दोलनको पृष्ठभूमिमा नेपालबाट राजतन्त्र अन्त्य भएको हो । २८ चैत २०६४ सालमा सम्पन्न संविधान सभाको चुनावबाट निर्वाचित संविधान सभाको पहिलो बैठक (१५ जेठ २०६५) ले नेपालबाट राजतन्त्र अन्त्यको घोषणा गरेको थियो । त्यसयता पूर्वराजा ज्ञानेन्द्र निर्मल निवासमा बस्दै आएका छन् । जनताका जनप्रतिनिधिहरूले संविधान सभाबाट गरेको निर्णयलाई सडकबाट उल्ट्याउने भन्दै राजावादीहरू प्रदर्शनमा उत्रिन थालेकाले दलहरू बोल्नुपर्ने अवस्था आएको बताउँछिन् एकीकृत समाजवादीकी सांसद जयन्तीदेवी राई ।

'फेरि पनि प्रतिगामी कुर्लँदैछन्, ब्युँझँदैछन् र संविधानको उल्लंघन गर्न खोज्दैछन् । ६७/६८ वर्षसम्म लडेर प्राप्त गरेका उपलब्धि खोस्न चाहन्छन् । संघीय लोकतन्त्रमाथि धावा बोलिरहेका छन्' आइतबार संसदमा उनले आक्रोश पोखिन् । पूर्वराजाको गतिविधिले नेपालमा राजनीतिक अस्थिरता रहेको उनको तर्क छ । राजनीतिक अस्थिरता अन्त्य गर्न र प्राप्त उपलब्धि रक्षा गर्ने गरी भूमिका खेल्न सरकार, राजनीतिक दल र नागरिक सबैलाई उनको आह्वान छ ।

'हामीले परास्त गरेको, नेपाली जनताको निम्ति अफापसिद्ध छ भनेर मसानघाटमा पु¥याएको राजतन्त्र कुर्लिरहेको छ । त्यसकारण राजनीतिक अस्थिरता पैदा भइराखेको छ । सडकमा अनावश्यक नारा गुञ्जिरहेको छ' उनले भनिन्, 'आह्वान गर्न चाहन्छु- प्राप्त अधिकार नगुमाउन सबै सजग बनौं ।'

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद शर्मा सरकारको कारणले समेत गणतन्त्र विरोधीले ठाउँ पाएको ख्याल गर्न सुझाउँछन् । उनी भन्छन्, 'गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन । तर, यस (राजावादीको पक्षमा प्रदर्शन) को कारण सत्तामा बसेका पार्टीहरूले जनताको आवाज सुन्न नसकेर हो ।'

नागरिकका दु:खमा सत्ता भेटिए गणतन्त्र कसैले हल्लाउन नसक्ने उनको आग्रह छ । सरकार लाई उनको सुझाव छ, 'सेवा प्रवाहमा सहजता ल्याउन सकेनौं । महँगी र भ्रष्टाचार नियन्त्रण गर्न सकेनौं । यसकारण ध्यान दिऔं- सुशासन कायम गर्न आवश्यक छ । यसो गरे व्यवस्था विरोधी आवाज आफैं कम भएर जान्छ ।'

पूर्वराजाको सक्रियता र व्यवस्थाविरोधी आवाज कम गर्न संविधान हातमा नभएर माथमा धारण गरेर सरकार अघि बढ्नुपर्ने बताउँछन् नेपाली कांग्रेसका सांसद युवराज शर्मा । 'दक्षिणपन्थ, अनुदार वाद र पाखण्डपूर्ण लोकप्रियतावादको जवाफ प्रगतिशीलता, जवाफदेहिता र आर्दशवाद नै हो । यसतर्फ ध्यान आकृष्ट गराउँदै सरकारलाई भन्न चाहन्छु- संविधानलाई हातमा होइन माथमा धारण गर्दै जनताको बढ्दो असन्तुष्टि सम्बोधन गरियोस् ।'

संविधानत: प्राप्त मौलिक अधिकार जनतालाई दिलाउने प्रयासमा लाग्न र सेवा प्रवाहमा छिटो छरितो हुने उपाय अपनाउन पनि सरकारलाई उनको सुझाव छ । यसो भए व्यवस्था विरोधी मत स्वत: निस्तेज भएर जाने उनको विश्वास छ । शर्माका अनुसार यसका लागि गणतन्त्रवादी दलहरूका बीचमा सहमति र सहकार्य समेत आवश्यक छ । सांसद शर्मा सुझाउँछन्, '(राजावादी गतिविधिविरुद्ध) संविधानवादी राजनीतिक दलहरूबीच सहमतिको अधिकतम पहलको अपेक्षा राख्दछु ।'

*(स्रोत: अनलाइनखबर)*


## सटर भाडामा

मेनरोड हेटौंडा-१०, बैकरोड, भूटनदेवी मोड नजिक २ वटा सटर,अफिसको लागि कोठा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८४९०१०३३६**


### १० औं हेटौंडा भेट्रान्स कप:

# किङकम र फ्रिडम फाइटर फाइनल प्रवेश



साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ हेटौंडामा जारी दसौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप एट ए साइड रनिङशिल्ड फुटबल प्रतियोगिताको फाइनलमा फ्रिडम फाइटर भेट्रान्स र किङकम भेट्रान्स फाइनल प्रवेश गरेका छन् ।

आइतबार हेटौंडा-४ मा रहेको हुप्राचौर खेलमैदानमा सम्पन्न प्रतियोगिताअन्तर्गत फ्रिडम फाइटर भेट्रान्सले बानेश्वर फ्रेण्डसिप भेट्रान्सलाई १-० गोलअन्तरले पराजित गर्दै फाइनल प्रवेश गरेको हो भने किङकम भेट्रान्सले आयोजक हेटौंडा भेट्रान्स क्लबलाई ५-३ गोलअन्तरले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको हो ।

प्रतियोगिताको फाइनल खेल सोमबार दिउँसो २ बजे फ्रिडम फाइटर भेट्रान्स र किङकम भेट्रान्सबीच हुनेछ । प्रतियोगिताको उपाधि बिजेताले नगद एक लाख ५० हजार ५ सय ५५ र उपबिजेताले ७५ हजार ५ सय ५५ प्राप्त गर्नेछ । यस्तै विधागत खेलाडी सर्वश्रेष्ठ कोच, उत्कृष्ट फरवार्ड, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डरलाई जनही ५ हजार र म्यान अफ द सिरिज हुने खेलाडीलाई १० हजार पुरस्कार रहेको छ ।

# कुलमानले बुझाए १८ पृष्ठको सफाइ



काठमाडौं, २५ फागुन/ नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई सफाइ पेस गरेका छन् । घिसिङले मन्त्रिपरिषदको २१ फागुनमा भएको निर्णय अनुसार चार बुँदामा सफाइ पेस गर्न २२ फागुनमा पत्रमार्फत जानकारी हुन आएको भन्दै आफूमाथि लागेका आरोप सम्बन्धमा आइतबार ऊर्जा मन्त्रालयलाई सफाइ पेस गरेका हुन् ।

५ माघ २०७८ मा प्राधिकरणसँग भएको कार्यसम्पादन सम्झौता अनुसार आर्थिक वर्ष २०७८/७९ मा ९४.२३ र २०७९/८० मा ९८.९४ अंक प्राप्त भएको र २०८०/८१ मा ९८.९९ अंक प्राप्त हुने वस्तुगत अवस्था सहति मूल्यांकन प्रयोजनार्थ पेस भएको घिसिङले सफाइ दिएका छन् ।

सम्झौतापत्रमा कार्यसम्पादन पेस गर्नुपर्ने म्याद नतोकिएको र विगतको अभ्यास अनुरूप नै २०८०/८१ को कार्यसम्पादन प्रतिवेदनको पूर्वाग्रह रहति मूल्यांकन भई उचित अंक पाउनुपर्ने उनको भनाइ छ । सोही अंकका आधारमा आफ्नो प्रोत्साहन भत्ता निर्धारण हुने व्यवस्था रहेको उनले सफाइपत्रमा लेखका छन् ।

सम्झौतापत्र अनुसार मूल्यांकन गरिँदा ५० प्रतिशत अंक प्राप्त हुन नसके विद्युत् प्राधिकरणले सम्झौतापत्र वा नियुक्तिपत्र रद्द गर्न सिफारिस गर्न सक्ने र यसरी सिफासिर गर्नुअघि सुनुवाईको मौका दिने उल्लेख छ । 'मैले पेस गरेको कार्यसम्पादन मूल्यांकन गर्न विधिवत समिति गठन भएको मेरो जानकारीमा छैन । समिति गठन भई मूल्यांकन कारबाही गरिएको भए कार्यसम्पादन प्रतिवेदनमा सन्तुष्टि नभए मलाई आफ्नो बेहोरा राख्न र कार्यसम्पादन मूल्यांकनमा ५० प्रतिशत अंक प्राप्त नगरेकाले सम्झौतापत्र र नियुक्ति बदर गर्ने सिफारिस गर्नुअघि पूर्व अधिकारप्राप्त् निकायबाट सुनुवाइको मौका दिइएको छैन,' घिसिङले पेस गरेको सफाइमा छ, 'मूल्यांकन समिति वा प्राधिकरण तहबाट उक्त प्रक्रियाविना कुनै कारबाही गर्न सिफारिस गरिए त्योसमेत प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल भई मान्य हुन सक्दैन ।'

सम्झौतापत्रमा कार्यसम्पादन प्रतिवेदन पेस गर्ने समयावधि उल्लेख नभएको दाबी गर्दै कार्यकारी निर्देशक घिसिङले कार्यालयको कार्यव्यस्ता, संस्थागत हितका निम्ती खटिनुपरेका कारण भदौ मसान्तभित्र पेस गर्न नसकिको अवस्थामा मन्त्रालयमा अनुरोध गरी उक्त मितिभन्दा पछाडि बुझाउँदै आएको र मूल्यांकन हुँदै आएको सफाइमा लेखेका छन् ।

'कार्यसम्पादन मूल्यांकन विगतमा भएका कार्यको तथ्यमा आधारित हुन्छ । कदाचित ढिलो पेस गरिएको भनिएका कारण कार्यसम्पादन मूल्यांकन हुन नसक्ने अवस्था हुँदैन,' उनले पेस गरेको सफामा छ, 'यस आधारमा सम्झौतापत्र पालना हुन नसक्ने वा सम्झौतापत्रको प्रयोजन र प्रभावकारिता निष्प्रयोजित हुँदैन । कुनै कार्य समयमा नभएकाले सम्झौतापत्र नै अर्थहीन् र समाप्त हुने भए सम्झौतापत्रमा समय सारत्व हुन्छ ।'


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :

- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


### प्रजिअ श्रेष्ठले सञ्चारकर्मीलाई भनिन्:

# 'तपाईहरुको कलम कसरी चल्छ ? म बुझ्दिन'



साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ मकवानपुरकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले प्रहरी र प्रशासनले मात्र सभ्य समाज निर्माण गर्न नसकिने बताइएकी छिन् ।

आइतबार जिल्ला प्रशासन कार्यालयमा भएको पत्रकार भेटघाट कार्यक्रममा उनले प्रशासन, प्रहरी, सञ्चारकर्मी सबैको सामूहिक प्रयासबाट मात्र सुशासित समाज निर्माण हुने बताइन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले सुशासन कायम गर्न समाजमा हुने सम्पूर्ण आपराधिक क्रियाकलापमा प्रशासनले शुन्य सहनशीलताको नीति अवलम्बन गर्ने उल्लेख गरिन् । जनतालाई सुरक्षाको प्रत्यक्ष अनुभूति दिलाउन प्रशासन प्रतिबद्ध रहेको उनको भनाई छ ।

जिल्लाका सरकारी कार्यालयमा जनताले सेवालिने क्रममा कर्मचारीबाट अवाञ्छित क्रियाकलाप भए त्यसको सूचना दिन पनि उनले सञ्चारकर्मीसँग आग्रह गरिन् । 'पब्लिकलाई प्रेसर दिएर पहिला यति गर अनि मात्र काम गर्छु भन्ने व्यवहार उत्पन्न भए तपाईहरुले सूचना दिन सक्नुहुन्छ' उनले भनिन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले प्रमाणसहितको सूचना दिन आग्रह गरिन् । सुशासन भन्दा बाहिर गएर हुने कुनैपनि किसिमको गतिविधि सैह्य नहुने उनले बताइन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले भएका कमजोरीलाई सुधार गर्दै अझ व्यवस्थित ढंगले आफूहरु अघि बढ्न तयार रहेको उल्लेख गरिन् ।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले सञ्चारकर्मीको कलम नलेखिनुपर्ने ठाउँमा लेखिने र लेखिनुपर्ने ठाउँमा नलेखिने प्रवृत्ति देखापरेको बताइन् । 'तपाईहरुको कलम पनि कसरी चल्छ म बुझ्दिन, यहाँहरुले बुझ्नुहुन्छ यहाँहरुको धर्म हो' उनले भनिन् 'लेखिनुपर्ने ठाउँमा लेखियोस् चाहे मैरै बारेमा किन नहोस् । सञ्चारकर्मीले आधारहिन र तथ्यहिन समाचार लेख्ने गरेकोमा उनले गुनासो गरिन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालाई हल्लाउन सक्ने तागत भएको सञ्चारकर्मीसँग मिलेर समाज सुधार्न प्रशासन तयार रहेको बताइन् ।

सञ्चारकर्मीहरु सुस्त हुँदा कर्मचारीतन्त्र पनि सुस्त हुने उनको भनाई छ । समृद्धि समाज निर्माणको लागि सञ्चारकर्मी पनि जागरुक हुनुपर्नेमा उनको जोड थियो । पत्रकारले बजार अनुगमन, हेटौंडाको ट्राफिक व्यवस्था, अवैध खानी सञ्चालन, जिल्लाको सुरक्षा अवस्था, लागूऔषध दुर्व्यसनी लगायत विषय उठान गर्दै प्रमुख जिल्ला अधिकारीलाई सुझाव दिएका थिए ।

कार्यक्रममा मकवानपुरका प्रहरीप्रमुख प्रहरीउपरीक्षक विश्वराज खड्का, सशस्त्र प्रहरीप्रमुख सन्तोष साह, पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाई, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीका साथै जिल्लामा क्रियाशील सञ्चारकर्मीको उपस्थिति थियो ।

# वनक्षेत्रमा आगालागीबाट जोगाउन अग्निरेखा निर्माण



साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ हेटौंडा-५ पिप्लेमा अवस्थित पिप्लेपोखरा सामुदायिक वन उपभोक्ता समितिले वनक्षेत्रमा आगालागीबाट जोगाउन अग्निरेखा निर्माणकार्य सुरु गरेको छ ।

फागुन चैत्रदेखि बैशाख सम्म हावाहुरी चलनुका साथै आगलागीको उच्चजोखिम समय रहेकाले वनक्षेत्रमा अग्निरेखा तयार पारिएको वन समूहका अध्यक्ष रामहरि चौलागाईले बताए । 'हामीले तालिम प्राप्त पाँचजना अग्निसुरक्षाकर्मीमार्फत् अग्निरेखा निर्माण गरेका छौं ।' अध्यक्ष चौलागाईले भने । हेटौंडा सिचाईकुना मनकामनाजाने बाटोदेखि पूर्वी न्यूरेनी सामूदायिक वनको सीमाना सम्मको क्षेत्रमा अग्निरेखा तयार गरिँदै आएको उनले जानकारी दिए । एकसातादेखि निर्माणकार्य सुरु भएको अझै १० दिन लाग्ने अध्यक्ष चौलागाईले बताए ।

अग्निरेखा निर्माणक्षेत्रको फँडानीकार्य सकेलगत्तै सोही स्थानमा रहेका पत्करहरु संकलन गरी जलाइने र अग्निरेखा तयार पार्ने उनले बताए । 'वनक्षेत्रमा विभिन्न स्थानमा गोरेटो बाटो प्रशस्तै रहेकाले चुरोट खाएर वा सलाइ बालेर फ्याक्ने गरेकाले अधिकांश गोरेटो क्षेत्रमा अग्निरेखा बनाएका छौं' उनले भने ।


## अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं

- अपाङ्गता भएका ब्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचार लाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना